मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

२५

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : ४७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ पुस १७ गते बिहीवार (Thursday, January 2. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

- सार्वजनिक निकायहरुले आफ्ना निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा विभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए-नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ ।
- प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनुपर्नेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# नेपालको नक्सा माग्यो सर्वोच्चले

**झापा, पुस १६।** सर्वोच्च अदालतले सुगौली सन्धि हुँदा प्रयोग भएको नेपालको आधिकारिक नक्साको प्रतिलिपिसहित १५ दिनभित्र लिखित जवाफ पेश गर्न सरकारलाई आदेश जारी गरेको छ ।

न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले सोमबार जारी गरेको आदेशमा सो लिखित जवाफ माग गरेको हो । आदेशमा भनिएको छ- सरकारको कुनै निकायमा नेपालको आधिकारिक नक्सा भए त्यसको प्रमाणित प्रतिलिपि तथा सो नक्सा बनाउँदाको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्ने सन् १८१६ को सुगौली सन्धिको अनुसूचीसहितको प्रतिलिपि पेश गर्नु ।

त्यस्तै, आदेशमा सरकारले सन् १९५५मा संयुक्त राष्ट्रसंघको सदस्य हुँदा तथा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्गठनहरुको सदस्य हुँदा सार्वभौम नेपालको अस्तित्व दर्शाउने कुनै सन्धि, नक्सा वा दस्तावेज पेश गरेको भए त्यसको प्रतिलिपिसमेत पेश गर्न आदेश दिएको छ ।

आदेशमा राष्ट्रिय योजना आयोग तथा अन्य कुनै निकायमा नेपालको नक्सा सम्बन्धमा कुनै कार्य भएको भए त्यस्ता सामग्री वा नेपालको दार्चुला जिल्लास्थित लिम्पियाधुराको क्षेत्रको प्रश्न समाधान गर्ने अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा उपलब्ध सामग्रीहरु सिंहदरबारबाट झिकाई नियमानुसार




पेश गर्नु भनिएको छ ।

वरिष्ठ अधिवक्ता विश्वप्रकाश भण्डारीले दायर गरेको निवेदनमा सुनुवाइ गर्दै अदालतले सो आदेश जारी गरेको हो । यसअघि अधिवक्ता कञ्चनकृष्ण न्यौपाने र फणिन्द्र नेपालले दायर गरेको रिट निवेदन पनि सँगै राख्ने आदेशमा उल्लेख छ ।

यसैबीच नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले युवा विद्यार्थीमा देशभक्ति भावना जागृत नभए राष्ट्र कमजोर हुने बताएका छन् । रत्न राज्यलक्ष्मी (आरआर) क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)ले आयोजना गरेको सप्ताहव्यापी रचनात्मक कार्यक्रमको समापन समारोहमा बोल्दै उनले राष्ट्रलाई संकट पर्दा युवा विद्यार्थीले खेलेको भूमिकालाई सधैँ स्मरण गर्नुपर्ने बताए ।

युवा, विद्यार्थीकै कारण ठूल्ठूला आन्दोलनले सफलता पाएको भन्दै उनले भारतले अतिक्रमण गरेको नेपाली भूमिलाई फिर्ता ल्याउन फेरि युवा विद्यार्थी एकजुट हुनुपर्ने बेला आएको बताए । लिम्पियाधुरा, कालापानी, लिपुलेकलगायत विभिन्न क्षेत्रमा भारतले अतिक्रमण गरेको नेपाली भूमि फिर्ता ल्याउन सबै नेपाली जुट्नुपर्ने बेला आएको छ- उनले भने- स्वाभिमानी पुर्खाको विरासतलाई जोगाइराख्न अहिलेको पुस्ता गम्भीर बन्नु जरुरी छ ।

उनले अहिले शक्ति सम्पन्न राष्ट्रका रुपमा स्थापित केही राष्ट्र तत्कालीन समयमा अन्य राष्ट्रको उपनिवेशमा रहँदा समेत नेपाल स्वतन्त्र रहेको स्मरण गराए । राष्ट्रियता कमजोर हुने सवालमा नेपालीले कसैसँग पनि सम्झौता नगर्ने उनले

(बाँकी अन्तिम पृष्ठमा)

## ‘प्रदेश १लाई सुन्दर पर्यटनस्थल बनाउँछौं’



**विराटनगर, पुस १६ ।** नेपाल भ्रमण वर्ष-२०२० बुधबार विराटनगरमा भव्यरूपमा शुभारम्भ गरिएको छ ।

स्थानीय शहीद रङ्गशालामा आयोजित शुभारम्भ कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सैनिक बिद्यालय धरान, लाखेनाच, नेपाल स्काउट लगायत विभिन्न जातजातिले झाँकी प्रदर्शन गरे ।

प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राईले आफ्नो प्रदेशलाई सुन्दर पर्यटनस्थल बनाउन प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए । उनले पर्यटन क्षेत्रबाट ग्राहस्थ उत्पादन अगामी दिनमा १.५ प्रतिशतबाट ५ प्रतिशत बनाउने भन्दै यस क्षेत्रको समग्र विकास गरी गरिबी निवारण र रोजगारी सिर्जना गरिने बताए ।

प्रदेश नं. १मा पाँच लाख पर्यटक भित्र्याउन प्रदेश सरकारले यसको पूर्वाधार विकासमा

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली सुनलाई सक्कली भनेपछि...

**झापा, पुस १६।** धनगढी उपमहानगरपालिका-४ बसपार्कस्थित नेशनल गेष्ट हाउसबाट नक्कली सुनलाई सक्कली सुन भनी कारोबार गर्ने तीन जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बझाङ बुङ्गल नगरपालिका-१ बस्ने ३४ वर्षीय शंकर बोहरा, भारत पिलिभित राघुपुरी गाउँ चौकी बजार घर भएका १९ वर्षीय मिख्खु भन्ने मुक्तियार सिंह र सोही स्थान घर भएका ३२ वर्षीय मितु भन्ने मञ्जित सिंह रहेका छन् ।

उक्त गेष्ट हाउसमा अवैध सुनको कारोबार भइरहेको छ भन्ने सूचनाको आधारमा सुदूरपश्चिम प्रहरी कार्यालय दिपायल र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उक्त गेष्ट हाउसको कोठा नम्बर ७ खानतलासी गर्दा लुकाई छिपाई राखेको ३ वटा बिस्कुट आकारमा रहेको २ केजी ४ सय ग्राम नक्कली सुन फेला पारी शंकर बोहरालाई पक्राउ गरेको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान गर्ने क्रममा बोहरासँग कारोबारमा संलग्न रहेका मुक्तियार र मञ्जित समेतलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको हो ।

## बिर्तामोडमा तीन सय शैय्याको क्यान्सर अस्पताल



**बिर्तामोड, पुस १६।** झापाको बिर्तामोडमा स्थापित बुधवारबाट अत्याधुनिक उपकरणसहितको पूर्वाञ्चल क्यान्सर अस्पतालले सेवा शुरु गरेको छ ।

चार अर्ब रुपैयाँ लगानी गर्दै सञ्चालनमा ल्याइएको अस्पताल पूर्वाञ्चलकै पहिलो क्यान्सर अस्पताल हो । तीन सय शैय्याको अस्पतालले ठूलो आन्द्राको क्यान्सर भएका २९ वर्षीय पदम मिश्रलाई निःशुल्क उपचार गर्दै सेवा शुरु गरेको छ ।

२० लाख बिदेशी पर्यटक भित्र्याउने लक्ष्यसहित सरकारले सन् २०२० लाई भ्रमणवर्ष मनाउन शुरु गरिरहँदा पूर्वलाई ‘मेडिकल हब’ बनाउने उद्देश्यसहित क्यान्सर अस्पताल सञ्चालनमा ल्याएको सञ्चालक दुर्गा प्रसाईले बताए । अस्पताल उद्घाटन समारोहमा बोल्दै प्रसाईले भने- ‘अब क्यान्सरको उपचारका लागि नेपालका कोही पनि नागरिकले विदेश जानु पर्दैन । अत्याधुनिक उपकरणसहित नेपालमै पहिलो पटक क्यान्सरको उपचारका लागि चाहिने उपकरणसहित अस्पतालले सेवा शुरु गरेको छ ।’

चितवन र काठमाडौंमा रहेका क्यान्सर अस्पतालभन्दा विशिष्ठिकृत सेवा दिने उद्देश्यले अस्पताल सञ्चालनमा आएको पूर्वाञ्चल क्यासर अस्पतालका मेडिकल डाइरेक्टर डा. वीरेन्द्रकुमार यादवले बताए । उनले भने - मैले लामो समयसम्म भारतको मेदान्त अस्पतालमा काम गर्दा त्यहाँ धेरै क्यान्सरका नेपाली बिरामी भेटेँ, उनीहरु सबै राम्रो उपचार नभएका कारण भारत पुगेका हुन् । तर, अब क्यान्सरको उपचारका लागि कोही पनि भारत जानु पर्दैन सबै प्रकारको उपचार यहीँ हुन्छ ।

अस्पतालले रेडियोथेरापी, पेट सीटीस्क्यान, थ्रिडी मेमोग्राम लगायतका अत्याधुनिक उपकरणबाट क्यान्सरको उपचार गर्ने बताइएको छ । अस्पताल उद्घाटन समारोहमा बोल्दै अर्थोपेडिक सर्जन डा. निराजन पराजुलीले क्यान्सरका बिरामीलाई अन्यत्र रिफर गर्नुपर्ने अवस्था नरहेको दाबी गरे । काठमाडौंबाहिर पनि क्यान्सरको उपचार सम्भव हुने भन्दै अब पूर्वका विरामीलाई धेरैफाइदा हुने उनले बताए ।

वरिष्ठ स्त्रीरोग विशेषज्ञ तथा गाइनो अंकोलोजिष्ट डा. गेहनाथ बरालले पूर्वाञ्चल क्यान्सर अस्पताल क्यान्सरको पूरै उपचार गर्न जनशक्ति, उपकरणयुक्त भएको बताए । अस्पताल उद्घाटन सत्रमा झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले पूर्वाञ्चल क्यान्सर अस्पताल पूर्वकै गहना भएको उल्लेख गरे ।

(बाँकी अन्तिम पृष्ठमा)

# सुरक्षित बन्दै बिर्तामोड

**बिर्तामोड, पुस १६।** जिल्लामै सबैभन्दा बढी आपराधिक गतिविधि हुने स्थानका रुपमा चिनिन्छ बिर्तामोडलाई ।

मेची अञ्चलकै प्रमुख व्यापारिक केन्द्रका रुपमा पहिचान बनाएको बिर्तामोड पूर्वका इलाम, पाँचथर र ताप्लेजुङसहित भारतका विभिन्न ठाउँका नागरिकलाई बस्न समेत पायक पर्ने भएकाले पनि सबैको रोजाइमा पर्ने गरेको छ । त्यसमाथि प्रतिदिन बिर्तामोड शहरउन्मुख हुँदै गएका कारण यहाँको जनघनत्व ह्वात्तै बढेको छ । जसका कारण आपराधिक मानसिकता बोकेका मानिस सहज रुपमा बिर्तामोड र बिर्तामोड आसपास बस्ने गरेका छन् ।

व्यापारिक, शैक्षिक र स्वास्थ्य उपचारका लागि समेत बिर्तामोड ‘हब’ बन्दै गएका कारण अधिकांशको रोजाइमा छ । खुल्ला सीमानाका कारण पूर्वी नाका काँकरभिट्टाबाट सहज रुपमा सामान ओसारपसार गर्न सकिने भएकाले पनि कतिपयले बिर्तामोडलाई रोजेका छन् । कतिपय कारोवारीले आफ्नो कारोवारको मुख्य थलो बिर्तामोडलाई बनाएका कारण यहाँ के कस्ता मानिस कति बसोवास गर्छन् भन्ने प्रहरी प्रशासनलाई सुइँको समेत हुँदैन । त्यसमाथि पनि सहजताका हिसाबले हरेक कारोवारीले आफ्नो व्यवसाय यहींबाट गर्ने हुँदा अपराधका घटना यही ठाउँमा बढी हुने गरेका छन् ।

जिल्लामै सबैभन्दा बढी मुद्दा दर्ता हुने इलाका प्रहरी कार्यालय अनारमनी हो । यो बिर्तामोड नगरपालिकाभित्रै रहेको छ । यहाँ अन्य इलाका प्रहरी कार्यालयको तुलनामा दोब्बरभन्दा बढी मुद्दा दर्ता हुन्छन् । प्रहरीको पछिल्लो आठ महिनाको तथ्याङ्क हेर्ने हो भने इलाका प्रहरी कार्यालय अनारमनीमा २ सय २० वटा मुद्दा दर्ता भएका छन् । त्यसमा सबैभन्दा बढी मुद्दा अपराधजन्य छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## सम्मानसहित थापाको बिदाइ



**बिर्तामोड, पुस १६।** इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहनकुमार

(बाँकी अन्तिम पृष्ठमा)

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी सेवा

महिला तथा प्रसूति सेवाको ओपीडी निःशुल्क । अन्य जाँचमा २०प्रतिशत छुट यही पुस १०-१७ गतेसम्म

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

**डा. सिद्धार्थ ठाकुर आउने बारेको सूचना**

**यही मिति २०७६ साल पुस १८ गते शुक्रवारका दिन वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. सिद्धार्थ ठाकुर काठमाडौंबाट सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।**

**उपचार हुने रोगहरू** : ग्याष्ट्रिक, अल्सर, कोलाइटिस, जण्डिस, हेपाटाइटिस, दम, खोकी, प्रेसर, सुगर, थाइराइड, पत्थरी, मृगौलाको रोग, पिसाव पोल्ने, हातगोडा दुख्ने, झम्झमाउने, जोर्नी दुख्ने, हड्डी खिइएको, नशा च्यापिएको, यौन समस्याहरु, नपूसंकता, बाँझोपन, पुरानो टन्सिल, पिनास, माइग्रेसन, छालाका रोगहरु साथै सम्पूर्ण शारीरिक एवम् मानसिक रोगीहरुले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टारोड बिर्तामोड
बोलबम पेट्रोलपम्पसँगै (०२३-५४१३११, ९८५२६८८९८६)

**JOB OPPORTUNITY**

*Little Flowers' English School*, Birtamod, is looking for trained candidates for the following posts for **SMART CLASSES** in the newly introduced **ECEC / IPC** Wing .

1. **Pre - Primary and Primary Level Grade Teachers**
2. **Receptionist**
3. **Day Care Sisters (Ayahs)**

| *Basic Salary:* | Working Hours | |
|---|---|---|
| Particulars | 8.00 a.m. - 3.00 p.m. | 8.00 a.m. - 5.00 p.m. |
| Graduates with 18 months ECEC training | Rs. 30,000 + lunch | Rs 35,000 + lunch |
| Graduates with 3 months ECEC training | Rs. 24,000 + lunch | Rs. 29,000 + lunch |
| Graduates with short term ECEC Training | Rs. 23,000 + lunch | Rs. 28,000 + lunch |
| Undergraduates with short term ECEC Training | Rs. 20,000 + lunch | Rs. 25,000 + lunch |
| Receptionist | Rs. 16,000 + Lunch | |
| Day Care sisters (Ayahs) | Rs 10,000 + lunch allowance | |

**Note: Residential facilities available for couples and single ladies from distant places.**
Interested candidates may submit their handwritten application along with C.V. and copies of related credentials and contact phone number (A MUST), latest by 28th Poush 2076 (13th January 2020) to:

*The Principal,*
*Little Flowers' English School,*
*Birtamod - 4, Jhapa* ☎ 023 - 540172 / 540767
*For further details, log on to: www.lfes.edu.np*

**आकर्षक घडेरी तथा जग्गा विक्रीमा**

बिर्तामोड नगरपालिका-३ सैनिकमोड चोक भद्रपुर जाने ४ लेनको बाटोसँग जोडिएको, मेची आँखा अस्पतालदेखि पश्चिम, बाटो उत्तरपट्टि, अन्य तीनतिर शाखा बाटोहरु समेत भएको ५ कठ्ठा ९ धुर र ३ कठ्ठा १७ धुर व्यवसायिक प्रयोजनको लागि अतिउपयुक्त जग्गा विक्रीमा छ । त्यसैगरी पूर्वपश्चिम राजमार्गबाट १५० मिटरभित्र बुट्टाबारी अटो लेण्डसँगै जोडिएको ३ कठ्ठा १८ धुर जमिन विक्रीमा छ ।

साथै बिर्तामोड नगरपालिका-३, ६ र ७मा एक विगाहदेखि ४ विगाह जमिन पनि एकमुष्ठ विक्रीमा छ ।

सम्पर्कः ०२३-५४२९११ (अफिस), ९८८०८६५१९०( अफिस), ९८५१११८१२९, ९८४३०८१२६४

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा १०% छुट गरिएको छ




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरु उपलब्ध गराउँदै इन्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इन्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# मूल्य अभिबृद्धि कर सम्बन्धी तालिम




**बिर्तामोड, पुस १६।** नेपाल उद्योग वाणिज्य महासंघ र आन्तरिक राजश्व विभागको आयोजना तथा बिर्तामोड उद्योग वाणिज्य संघको व्यवस्थापनमा दुई दिवसीय आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी तालिम बिर्तामोडमा सम्पन्न भएको छ।

मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यवसायी तथा ५० लाख रुपैयाँ भन्दा बढी कारोवार भएका करदातालाई लक्षित गर्दै आय कर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी जानकारी दिने उद्देश्यले तालिमको आयोजना गरेको बताइएको छ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षता तथा नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक धरणीधर खतिवडाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

कार्यक्रममा प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक खतिवडाले बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराईको अनुरोधमा महिला सशक्तिकरण अभियान लगायतका कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघले सहयोग गर्ने आश्वासन दिएका थिए।

कार्यक्रमको सहजीकरण चार्टर एकाउण्टेन्ट ज्ञानेन्द्रबहादुर भारी र दिलमान चन्दले गरेका थिए। उनीहरुले सहभागीहरुलाई आय कर तथा मूल्य अभिबृद्धि कर सम्वन्धी ऐन, कानून, कर तिर्दाका फाइदा-वेफाइदा लगायतका बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा आन्तरिक राजश्व विभागका हितेश बस्नेतले सरकारले लागू गरेको भिसिटीएस प्रणाली सम्वन्धी जानकारी गराएका थिए। त्यस्तै आन्तरिक राजश्व कार्यालय मेचीका प्रमुख युवराज श्रेष्ठले व्यवसायीलाई कर तिर्न आग्रह गरे।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपनिर्देशक बिष्णु ढकालले साना तथा मझौला व्यवसायीहरुलाई आय कर तथा मूल्य अभिबृद्धि कर सम्वन्धी जानकारी गराउने उद्देश्यले मेचीदेखि महाकालीसम्म तालिमको आयोजना गरेको बताए।

कार्यक्रममा तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव भेषराज भण्डारी प्रशान्तले गरेका थिए।

# कर्मचारीको उमेर हद ५८ कि ६० ?

**झापा, पुस १६।** वि.सं. २०४९मा बनेको नयाँ निजामती सेवा ऐनमा निजामती कर्मचारीको अवकाश उमेर ६० बाट ५८ वर्ष झारियो। अहिले भने त्यतिबेला कायम गरिएको ५८ वर्षीय उमेर हदबन्दीलाई हटाउँदै पुनः ६० वर्ष कायम गराउने प्रयास थालिएको छ।

यसअघि निजामती सेवा ऐन-२०१३ र निजामती सेवा ऐन-२०२१मा पनि निजामती कर्मचारीको उमेर हद ६० वर्ष नै राखिएको थियो तर २०४९ सालमा बनेको ऐनले ५८ वर्ष राख्यो। पहिले रहेको ३० वर्ष सेवा अवधि काम गरेको व्यवस्था समेत हटाइयो। अहिले ५८ वर्षबाट ६० वर्ष बनाउनेमा छलफल भइरहेको छ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा 'संघीय निजामति सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा ६० वर्ष बनाउने कि ५८ वर्ष नै राख्नेमा छलफल समेत भएको छ। तर ५८ कि ६० वर्ष राख्नेमा सहमति नहुँदा समितिमा ६० वर्ष बनाउने निर्णय विचाराधीन रहेको छ। समितिका सदस्य नै उमेरको विषयमा अझै टुङ्गोमा पुगेका छैनन्।

नेपालीको औसत उमेर बढेकाले ६० वर्ष पुर्‍याउनु पर्दछ भन्ने एकथरिको तर्क रहेको छ। दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का नेपालबाहेक सबै मुलुकमा पनि कर्मचारीको उमेर ६० भन्दा नै माथि नै रहेको छ। साठी वर्ष बनाउँदा दुई वर्ष माथिल्लो तहका कर्मचारीको वृत्ति विकास रोकिने भन्ने धारणा रहेको छ। अर्कोतिर अहिले सचिव/ सहसचिवले पनि ६० वर्ष उमेरको हद बनाउँदा आफ्नो पनि दुई वर्ष सेवाकाल थपिने भन्ने रहेको छ।

पूर्वमुख्य सचिव बिमल कोइरालाले ६० वर्ष उमेर हद बनाउने अनुपयुक्त नभए पनि स्वार्थ समूहको दबाबमा नपर्नु पर्ने बताउँछन्। तर्कको आधारमा त ६० वर्ष बढाउने कुनै कारण नै छैन तर विश्वका अधिकांश देशले कर्मचारीको उमेर ६० देखिमाथि नै बनाएका छन्- उनले भने- अब उप्रान्त भर्ना हुने कर्मचारीमा लागू गर्दा केही फरक पर्दैन।

पूर्वसचिव शारदाप्रसाद त्रिताल कर्मचारीमा विभेदकारी उमेर हदबन्दी हटाउनुपर्ने बताउँछन्। उनले सरदर आयु बढ्न जाँदा काम गर्ने जाँगर पनि बढ्ने भएकाले ५८ वर्षबाट ६० वर्ष गराउनुपर्ने बताए। साठी वर्ष गराउँदा पुराना खारिएका कर्मचारी हुन्छन्- उनले भने- ती कर्मचारीबाट राज्यले बढी फाइदा लिनसक्छ। साठी वर्ष गराउँदा सरकारले दुई वर्ष थप अनुभवी कर्मचारी पाउनुको साथै पेन्सनको भारमा पनि दुई वर्ष कम हुन्छ भने ६० वर्षमा लैजाँदा कर्मचारीको दुई वर्ष बढुवा र नयाँ भर्ना प्रक्रिया रोकिने हुन्छ।

पूर्वसचिव शरदचन्द पौडेलले ६० वर्ष उमेर बढाउँदा पेन्सनको दायित्व पनि दुई वर्ष कम पर्ने र अनुभवी कर्मचारी पनि राज्यले पाउने भएकाले ६० वर्ष पुर्‍याउनुपर्ने बताए। उनले पहिलेको कुनै तर्क बिना नै ६० वर्षबाट ५८ वर्ष झारिएकाले अहिले मानिसको आसत आयु पनि बढेकाले पहिल्यैकै ६० वर्ष पुर्‍याउनुपर्ने बताए।

पहिले औसत आयु ५८ वर्ष हुँदा कर्मचारीको ६० वर्ष अवकांश उमेर तोकिएको थियो- उनी भन्छन्- तर अहिले औसत उमेर करिब ७१ वर्ष पुग्दा पनि ५८ वर्ष राखिएको छ। कुनै व्यक्तिको व्यक्तिगत स्वार्थ नहेरी ६० वर्ष पुर्‍याउनुपर्दछ। निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनका उपाध्यक्ष भोला पोखरेल किस्ताबन्दीमा नभई एकैपटक ६० वर्ष उमेर हदबन्दी बढाउनुपर्ने बताउँछन्।

नयाँ बन्न लागेको विधेयकमा ६० वर्ष पुर्‍याए पनि पहिलो वर्षमा ५८ वर्ष छ महिना, दोस्रो वर्षमा ५९, तेस्रो वर्षमा ५९ वर्ष छ महिना र चौथो वर्षमा ६० वर्ष पुर्‍याउने उल्लेख गरिएको छ। वि.सं. २०६६ मा तत्कालीन सामान्य प्रशासनमन्त्री जितु गौतम र कर्मचारी सङ्गठनबीच नै ६० वर्ष उमेर हदबन्दी बढाउने सहमति गरिएको थियो।

सहमति अनुसार लागू गरिएको दुई वर्षमा मात्र ६० वर्ष उमेर हदबन्दी राख्ने सहमति भएको थियो। अहिले कर्मचारीको फरक-फरक उमेर हदबन्दी रहेको छ। शिक्षक र उच्च अदालतका न्यायाधीशको ६३, सर्वोच्च अदालतका न्यायाधीशको ६५ वर्ष उमेर हदबन्दी राखिएको छ।

# ९५ जना महिला तथा बालिकाको उद्धार

**मोरङ, पुस १६।** माइती नेपाल मोरङले सन् २०१९ को अवधिमा ९५ बालिका तथा महिलालाई भारतीय सीमाक्षेत्रबाट बेचबिखन हुनबाट जोगाएको छ।

'हामो आवाज चेलीबेटी बेचबिखनबाट मुक्त' नारासहित मोरङ शाखाले ती बालबालिकालाई विराटनगरको सीमावर्ती क्षेत्र रानी तथा भारतीय बजारको रेल स्टेशन र बसपार्कबाट उद्धार गरेको पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

अठार वर्षमुनिका २१ र माथिका ७४ जनालाई नेपाल प्रहरी, सशस्त्र प्रहरी, भारतीय रेल्वे प्रहरी, भारतीय प्रहरी र माइती नेपालका कर्मचारीको सहयोगमा उद्धार गरिएको माइती नेपालका मोरङ संयोजक बिनोद पोखरेलले जानकारी दिए। यस क्षेत्रबाट उद्धार गरिएकामध्ये भारतसहित नेपालका १८ जिल्लाका बालिका र महिला रहेका छन्।

यसरी उद्धार गरिएकामध्ये मोरङ, सुनसरी, झापा, उदयपुर, खोटाङ र धनकुटाका अधिकांश महिला रहेको पोखरेलले बताए। यस्तै सो अवधिमा घरेलु हिंसाबाट पीडित १६, करणी भएका तीन, अदालतमा मुद्दा दर्ता गरिएका दुई, हराएका छ महिला फेला पार्नुका साथै ९५ जनालाई पुनर्स्थापना केन्द्रमा राखिएको थियो।

अप्ठ्यारो गरी हिँड्ने, सिन्दुरपोते लगाइ हिँड्ने, बोल्दा अकमकाउने, एक्लै हिँड्ने आदिबाट जोखिममा परेका महिला हुनसक्ने भनेर पहिचान गर्न सीमाक्षेत्रमा निगरानी गरिरहेका विगतका पीडितका कारण माइती नेपालको कर्मचारीलाई सहज भएको संयोजक पोखरेलले भनाइ थियो।

माइती नेपालले भारतीय बसपार्क र रेल्वे स्टेशनमा सिटमा बसेको अवस्थामा पनि भारतीय प्रहरीको सहयोगमा नेपाली महिलालाई बेचिनबाट जोगाएको छ।

## सुरक्षित ...

मुद्दामा संलग्न मध्ये ३ सय ५० व्यक्तिलाई प्रहरीले कारवाही नै चलाएको छ। बिगतको तुलनामा अपराधजन्य घटनामा कमी आए पनि जिल्लाको अन्य स्थानभन्दा बिर्तामोडमा धेरै अपराधका घटना घटेका छन्। जसमध्ये हनी ट्यापिङ, नक्कली एयर होस्टेज, वेश्यावृत्ति, लागू औषध, बम विष्फोट, ठगी, तस्करी जस्ता घटना प्रमुख हुन्। तर, ती सबै घटनामा प्रहरी नायव उपरीक्षक मोहन थापाले सफलतापूर्वक आपराधिक गतिविधिमा संलग्नको पहिचान गर्दै कारवाही गर्न सफल भएका छन्।

आठ महिने कार्यकालमा उनले अनारमनी प्रहरी कार्यालय मातहतमा हुने गरेका सबै घटनाको सफल अनुसन्धान गरेका छन्। प्रहरी नायव उपरीक्षक थापा गत जेठमा झापा आएका थिए। उनी आएपछि साउन १ गते बिर्तामोड-४ निवासी अमरजीत साहलाई महिलाको प्रयोग गरी अपहरण गरेर ४० लाख रुपैयाँ माग्ने गिरोहलाई नै प्रहरीले पक्राउ गर्न सफल भयो। साहलाई झुठो माया जालमा पार्दै एक युवतीले कोठामा पुर्‍याएर शरीर बन्धक बनाई कुटपिट गर्दै नाङ्गै बनाएर भिडियो खिचेर ४० लाख मागेपछि उनी मागे जति रकम दिने शर्तमा फुत्किएका थिए। प्रहरीले सो घटनामा संलग्न हन्टर सुजन, सञ्जु क्षेत्री भन्ने सुजन शंकर, मेराज खान, पिके भन्ने प्रकाश चन्द्र दास, काशिद आलम भन्ने मोहमद काशेक शेखलाई पक्राउ गरी कारवाही अघि बढाएको थियो। घटनामा प्रयोग गरिएको एक थान सवारी समेत प्रहरीले नियन्त्रणमा लिएर कानूनी कारवाही अघि बढाएको प्रहरी नायव उपरीक्षक थापाले बताए।

त्यस्तै सात वर्षदेखि ठगी धन्दा गर्दै आएको व्यक्ति पक्राउ गर्दै कानूनी कारवाही अघि बढाइएको छ। फेसवुक लगायत सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्तिहरुसँग नजिक भई फकाई, प्रलोभनमा पारी क्यानडा लैजान्छु भन्दै सन् २०१२ देखि हालसम्म करिव आठ सय व्यक्तिहरुवाट करोडौं ठगी गरेर फरार भएका मोरङ उर्लावारी निवासी रामबहादुर खड्कालाई पक्राउ गरी कारवाही शुरु गरिएको थापाले जानकारी दिए।

यता आफूलाई एयर होस्टेज भन्दै ठगी गर्ने महिलालाई समेत प्रहरीले पक्राउ गरेको छ। जेट एयरलाइन्सको एयर होस्टेज हुँ भनी विभिन्न नाममा नक्कली फेसवुक आइडी खोली विभिन्न व्यक्तिहरुसंग साथी बनी प्रेम तथा विवाह गर्ने नाटक गर्दै केही युवाहरुसंग रकम ठगी गर्ने अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने तविता राईलाई प्रहरीले पक्राउ गरेको छ। उनलाई समेत प्रहरीले कानूनी कारवाही अघि बढाएर पीडितलाई न्याय दिन सफल भएको छ।

नेपाल कम्युनिष्ट पार्टी नेत्रविक्रम चन्द समूहको नेकपालाई सरकारले प्रतिवन्ध लगाएसंगै पूर्वका विभिन्न स्थानमा श्रृङ्खलाबद्ध बम विष्फोट र आगजनीका घटनामा सम्लग्नलाई समेत पक्राउ गर्न अनारमनी प्रहरी सफल भएको छ। बिर्तामोड-८ वडा कार्यालय तथा सहारा नेपाल सहकारी संस्था, एनसेलका टावरमा आगजनी तथा विष्फोटन, विष्फोटक पदार्थ भण्डारण, जवरजस्ती चन्दा असुली गर्ने गराउने जस्ता आपराधिक गतिविधिमा संलग्न विप्लव समूहका ११ जना व्यक्तिलाई अनारमनी प्रहरीले पक्राउ गर्दै कारवाही अघि बढाएको छ।

विप्लव समूहले कार्यालय स्थापना गरेको घर कोठा पत्ता लगाई उक्त कोठावाट कटुवा पेस्तोल २ थान र यसमा लाग्ने गोली ४ थान, हतियार, विभिन्न दस्तावेज, छाप, प्याडहरु बरामद गरेको छ भने लुकाईछिपाई राखेको २०५ थान कडा विष्फोटक पदार्थ बरामद गरेको छ।

त्यस्तै कन्काई माई पुलमा प्रेसर कुकर बम राख्ने ५ जनालाई पक्राउ गर्दै अदालतको आदेशमा उनीहरु जेल चलान भएका छन्। बिर्तामोडमा लामो समयदेखि हुँदै आएको वेश्यावृत्ति नियन्त्रणका लागि प्रहरी नायव उपरीक्षक थापाले अभियान नै चलाए। उनले वेश्यावृत्तिमा सम्लग्नहरुलाई मुद्दा नै चलाएर कारवाही अघि बढाएका छन्। जसका कारण केही व्यक्ति जेल समेत परेका छन्। बिर्तामोडमा रहेका विभिन्न होटलहरुमा वेश्यावृत्तिमा लगाइएका ५ जना बालिकाहरुलाई उद्धार गरी ६ जना होटल सञ्चालकहरुलाई पक्राउ गरी मुद्दा चलाइएकोमा उनीहरु सबै कारागार चलान भएको प्रहरी उपरीक्षक थापाले बताए।

अर्जुनधारा-६ मातामन्दिर क्षेत्रमा फ्ल्याट भाडामा लिई सञ्चालन गरिरहेको यौन अखडाबाट १० जना महिलाहरुलाई प्रहरीले उद्धार गर्दै आफन्तको जिम्मा लगाएको छ। वेश्यावृत्ति नियन्त्रणका लागि कडाइ गरे पश्चात बिर्तामोड र आसपासमा हुने गरेको वेश्यावृत्ति ८० प्रतिशतले घटेको प्रहरीको दावी छ।

लागूऔषध कारोवारीका लागि ट्रान्जिट पोइन्ट हो- बिर्तामोड। बिर्तामोड केन्द्रीत भएर हुँदै आएको लागूऔषध ओसारपसार तथा बेचबिखनको कार्यलाई प्रहरीले सूक्ष्म अध्ययन गरी बिर्तामोडभित्रका विभिन्न स्थानहरुमा लामो समयदेखि लागूऔषध ब्राउन सुगर विक्री वितरण तथा ओसारपसारको कार्यमा संलग्न ७ जना ठूला कारोवारीहरुलाई पक्राउ गर्दै कारवाही अघि बढाएको छ। प्रहरीले उनीहरुको साथबाट ११४ ग्राम, ९२ ग्राम, ५२ ग्राम र ४५ ग्राम लागू औषध खैरो हेरोइन र २ वटा गाडी र १ मोटरसाइकल समेत पक्राउ गरी कारवाही अघि बढाएको छ।

करिव २ दर्जन भन्दा बढी लागूऔषध कारोवारीलाई खैरो हेरोइन सहित पक्राउ गरिएको प्रहरीले जनाएको छ। आठ महिनाको अवधिमा चोरी नियन्त्रणतर्फ प्रहरीले दमक, माईधार, झिलझिले, राजगढ, बिर्तामोड समेतको एरियाबाट विभिन्न मोडेलको विभिन्न नम्बरको चोरी भएका मोटरसाइकलहरु बरामद गरेको छ। इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरीको टोलीले २६ वटा मोटरसाइकल बरामद गर्दै कारोबारीमा सम्लग्न सात जनालाई पक्राउ गरेको छ। बिर्तामोडका विभिन्न स्थानहरुवाट गाडीको व्याट्रीहरु चोरी गर्ने व्यक्तिहरुलाई २० थान व्याट्रीसहित नियन्त्रणमा लिएको छ भने भारतीय भिआइपी चोर समेत पक्राउ गर्दै कारवाही अघि बढाइएको छ।

कात्तिक १३ गते बिर्तामोड-५ पूर्व पश्चिम महेन्द्र राजमार्ग स्थित सार्वजनिक सडकमा भारतीय नागरिक रघुबरप्रसाद साहलाई भारतीय सवारी डब्लूवी ७४ ए एम २७२४ नम्बरको गाडीसहित विभिन्न घरवाट चोरी गरेको सुनचाँदी, नगद सहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

जेष्ठ महिना यता हालसम्म करिव ३५ लाख वरावरको अवैध भन्सार, कर छलीका सामानहरु बरामद गरी आवश्यक कारवाहीको लागि मेची भन्सार तथा राजश्व कार्यालय पठाइएको प्रहरी नायव उपरीक्षक थापाले बताए।

त्यस्तै गोरुतस्करी नियन्त्रणमा समेत उल्लेख्य भूमिका निर्वाह गरेका थापा र जिल्ला प्रहरी कार्यालय झापाका तत्कालीन प्रहरी उपरीक्षक दिनेशराज मैनालीले तस्करी नियन्त्रणका लागि पहल गर्दा उल्टै मुद्दाको सामना गर्नु पर्‍यो। कात्तिक १९ गते कनकाई नगरपालिका-३ तुलसीबारीबाट दुई ट्रकमा राखेर ४९ वटा पशु चौपाया भारत लैजाँदै गर्दा गोरु नियन्त्रणमा लिई भद्रपुर भन्सार कार्यालय पठाइएको थियो। सोही घटनावाट गोरु तस्करीमा संलग्नले प्रहरीलाई उल्टै मुद्दा दायर गरेका थिए। उच्च अदालतले गोरुको कारोवार गर्नेकै पक्षमा मुद्दा फैसला गरेपछि अहिले गोरु तस्करीको विषयमा वुझ्न गृह मन्त्रालयको एक टोली झापामा छ।

प्रहरीले योसँगै घरेलु मदिरा नियन्त्रणका क्षेत्रमा समेत उल्लेख्य काम गरेको छ। करिब सात हजार लिटर मदिरा बरामद गर्दै अनारमनी प्रहरीले नष्ट गरेको छ। समुदाय साझेदारी कार्यक्रम अन्तर्गत स्कूल तथा कलेज तथा विभिन्न समुदायहरुमा ५९ वटा सचेनतामूलक कार्यक्रम, सार्वजनिक सुनुवाई, सुरक्षा सम्वन्धी अन्तरक्रिया गर्दै शान्ति सुरक्षाका क्षेत्रमा इलाका प्रहरी कार्यालय अनारमनीले आपराधिक गतिविधिको थलोको रुपमा चिनिएको बिर्तामोडलाई सुरक्षित बनाउने सिलसिलामा घरधनी र डेरावालको विवरण राख्ने अभियान समेत नेपालमै पहिलोपटक शुरु गरेको छ।

उनले बिगतमा हिरासतमा भएका घटनाहरुलाई मध्यनजर गरी सुरक्षित हिरासत बनाउने योजना अन्तरगत हिरासतमा सीसी क्यामरा जडान, टेलिभिजनको व्यवस्था, रंगरोगन र भुइँमा काठको पार्केटिङ ह्यान्डहेल्ड मेटल डिटेक्टर, स्वच्छ खानेपानी समेतको व्यवस्था गरी सुरक्षित र सुविधासम्पन्न नमूना हिरासत कक्ष बनाउन सफल भएका छन्।

बालमैत्री कार्यालय स्थापनाको लागि चिल्ड्रेन कर्नर, अनुसन्धानात्मक अन्तरवार्ता कक्ष स्थापना भएको र नागरिक सहायता कक्ष र जवान मेस निर्माणाधीन रहेको छ। प्रहरीले पछिल्लो समय सञ्चालन गरेको अभियानकै कारण अहिले बिर्तामोड सुरक्षित बन्दै गएको सरोकारवालाले बताउँदै आएका छन्।

## प्रदेश १लाई ...

लागीपरेको जानकारी दिँदै उनले पर्यटन क्षेत्रको विकास गरी यस क्षेत्रमा आगामी दिनमा ३२ हजार रोजगारी सिर्जना हुने दावी गरे। अध्ययन र अनुसन्धानका लागि यो प्रदेश निकै महत्वपूर्ण हुने बताउँदै मुख्यमन्त्री राईले पर्यटन क्षेत्रको विकास गरी समृद्धिको आधार तयार हुने धारणा राखे।

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियतले प्रशस्त सम्भावना हुँदा पनि देशले अग्रता लिन नसकेको भन्दै मुलुकमा भएको पछिल्लो राजनीतिक परिवर्तनले यी सबै सम्भावनाको उच्चतम् प्रयोग गरी पर्यटनस्थलको रुपमा विकास गर्ने बताए। उनले पर्यटन मुलुकको अर्थतन्त्रको मेरुदण्ड भएकाले यसलाई अलग गरेर देशमा विकास हुन नसक्ने भन्दै प्रदेश नं. १ले भौगोलिक, धार्मिक, ऐतिहासिक, आर्थिक, सामाजिक र राजनीतिक दृष्टिले पनि बेग्लै पहिचान बनाएकाले यसको समग्र विकासमा प्रदेश सरकार गम्भीर भएको उल्लेख गरे।

नेपालमा भ्रमण वर्षको शुरुवात सन् १९९८बाट भएको हो भने दोस्रो भ्रमण वर्ष २०११ र तेस्रो नेपाल भ्रमण वर्ष २०२० लाई कायम गरिएको छ। नेपाल सरकारले नेपाल भ्रमण वर्ष २०२०लाई भव्यरूपमा मनाउन वि.स. २०७४ साउन २९ गते घोषणा गरेको थियो।

यसैबीच प्रत्येक प्रदेश र संघीय सरकारले घोषणा गरेको भ्रमण वर्षलाई सफल बनाउन तीव्र गतिमा काम गरिरहेको पाइएको छ। यही सन्दर्भमा नेपाल भ्रमण वर्ष-२०२०लाई भव्य रूपमा मनाउन सरकारले छनौट गरेको १०० गन्तव्यस्थानमा प्रदेश नं. १मा १६ स्थान रहेको छ। यी सबै स्थानको विकास विस्तार एवम् पूर्वाधार निर्माण गर्न प्रदेश सरकारले रु. एक अर्ब ५१ करोड विनियोजन गरेको छ।

## बिर्तामोडमा ...

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले बीएण्डसी हस्पिटल सञ्चालनमा आएसंगै दुर्घटनाका धेरै घाइतेहरुले समयमै उपचार पाउँदा नयाँ जीवन पाएको भन्दै अब क्यान्सर रोग भएका बिरामीले समेत धेरै फाइदा उठाउन सक्ने बताए।

राजधानीमा स्वास्थ्य क्षेत्रमा कलम चलाउने पत्रकारहरुको समेत सहभागी रहेको कार्यक्रममा पत्रकारद्वय मोहन काजी न्यौपाने र कल्पना आर्चायले बीएण्डसी अस्पताल र पूर्वाञ्चल क्यान्सर अस्पताल सञ्चालनमा आएपछि धेरै बिरामीले आफ्नै ठाउँमा स्वास्थ्य उपचार पाउने भन्दै सञ्चालक प्रसाईको प्रशंसा गरेका थिए।

अस्पतालकीअध्यक्ष इन्दिरा गिरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन जनसम्पर्क अधिकारी प्रमिश गिरीले गरेका थिए।

## नेपालको ...

जिकिर गरे। श्रेष्ठले वर्तमान सरकारले औपचारिक रुपमा भारतलाई पत्र लेखी अतिक्रमित भूमि फिर्ता ल्याउने विषयमा पहलकदमी अघि बढाएकाले समाधान निस्कनेमा आफू आशावादी रहेको बताए।

दुईतिहाई बहुमतको नजिक रहेको वर्तमान सरकार सामाजिक न्यायसहितको समृद्ध राष्ट्र निर्माणको अभियानमा लागेको बताउँदै उनले कृषि, पर्यटन र जलविद्युत्का माध्यमबाट समृद्धिको अभियानले सार्थकता पाउने धारणा राखे। उनले वर्तमान सरकारले नागरिकले अनुभूति गर्ने ढङ्गले विकास निर्माणका कार्यलाई सम्पन्न गर्ने बताए। निरंकुश राज्य व्यवस्थाका कारण नागरिकले धेरै दुःख पाए- उनले भने- स्थायी सरकारको काँधमा विकास गरेर प्रमाणित गर्ने जिम्मेवारी आइलागेको छ।

उनले व्यावसायिक र प्राविधिक शिक्षाले बेरोजगारी समस्या हल हुने भन्दै शैक्षिक गुणस्तरका विषयमा आफूले शिक्षामन्त्रीसँग पटक-पटक बहस गर्ने गरेको बताए।

स्ववियुले आरआर क्याम्पसमा लामो समय प्राध्यापन गराई हालसालै कास्की क्षेत्र नं. २बाट प्रतिनिधिसभामा निर्वाचित सांसद विद्या भट्टराईलाई सम्मान गरेको थियो। कार्यक्रमका प्रमुख अतिथि रहेका श्रेष्ठले भट्टराईलाई सम्मान पत्रबाट सम्मानित गरेका थिए। स्ववियुले सप्ताहव्यापी रचनात्मक कार्यक्रममा उत्कृष्ट हुनेलाई पुरस्कृत गरेको छ।

## सम्मानसहित ...

थापाको सरुवा भएसँगै सम्मानसहित विदाइ गरिएको छ।

उनको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगाल सरुवा भएको हो। उनी गत जेठमा इलाका प्रहरी कार्यालय अनारमनीको नेतृत्व सम्हाल्न आएका थिए। सरुवासँगै उनलाई बिर्तामोडमा रहेको हलेंशी ट्रेड लिङ्क बिर्तामोडले सम्मान सहित बिदाइ गरेको छ।

ट्रेड लिङ्कका सञ्चालक चूडामणि पौडेलले मायाको चिनो प्रदान गर्दै थापालाई विदाइ गरेका हुन्। प्रहरी नायव उपरीक्षक थापाले इलाका प्रहरी कार्यालय अनारमनीमा रहँदा शान्तिसुरक्षा, अमनचयन राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै थापालाई सम्मानसहित विदाई गरिएको थियो। विदाई समारोहमा ट्रेड लिङ्ककी सञ्चालक रचना पौडेलले प्रहरी नायव उपरीक्षक थापालाई बाँकी कार्यकाल सफलताको शुभकामना दिएकी थिइन्।

थापाको सरुवासंगै इलाका प्रहरी कार्यालय अनारमनीमा प्रहरी नायव उपरीक्षक मुकुन्दप्रसाद रिजाल आउने भएका छन्। उनी महानगरिय अपराध महाशाखा टेकूबाट सरुवा भएर अनारमनी आउन लागेका हुन्।


## चालू अवस्थामा रहेको पसल विक्रीमा

बिर्तामोडको मुटुमा रहेको हनुमान कम्प्लेक्सको दोस्रो तलामा चालू अवस्थामा रहेको लेडिज फेन्सी कपडा पसल तु-विक्रीमा।

सम्पर्कः ९८०१०६५०१३, ९८४२७१८१३०, ९८१७०९५५००

## जग्गा विक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

मो. ९८४२६५५९५०/ ९८०४९६९९९०

## घडेरी विक्रीमा

दमकस्थित चिया दोकान चौकमा हाइवेले छोएको ३० फुट मुख भएको ११ धुर घडेरी तु-विक्रीमा छ।

सम्पर्कः ९८५२०५४२८८

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।

तलबः ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुग्ने) समयः ९:३० सम्म लाग्ने

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## घर भाडामा

सैनिकमोडस्थित गोलधाप बस स्टेण्डको अपोजिटमा १६०० स्क्वायर फिटको हल पार्टिसन नगरेको र पहिलो तलाको सटरहरु भाडामा रहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

सम्पर्कः ९८४६३४४४४४, ९८२४०१७१७१

नोटः बैंक व्यवसाय संघ-संस्था तथा रेष्टुरेन्टहरुको लागि पार्किङ सुविधासहित।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# राष्ट्रिय पोशाकको सम्मान गरौं

आज पुस १७ गते । छ वर्षअघि यो दिनलाई राष्ट्रिय पोशाक दिवसका रुपमा मनाउन थालिएको हो । पहिलोपटक वि.सं. २०७० सालमा काभ्रेपलाञ्चोक जिल्लाको बनेपाबाट अभियानका रुपमा राष्ट्रिय पोशाक दिवस मनाउन शुरु गरिएको थियो । पश्चिम संस्कृतिले हाम्रा मौलिक परम्परा, धर्म, संस्कृति पहिरन र चाडपर्वहरुलाई विस्थापन गर्दै लगेका कारण मौलिक पहिचान र विशिष्टताको संरक्षणका लागि अभियान थालेको अभियन्ताको भनाइ छ । नेपाल मौलिक पहिचान भएको विविधताले परिपूर्ण देश हो । यहाँ रहेका जात–जातिको आफ्नै भाषा, संस्कार र संस्कृति छन् । यो विविधतालाई जोडेर राष्ट्रिय एकता कायम गर्न एउटै जाति नेपाली, साझा भाषा नेपाली भए जस्तै पोशाक पनि साझा थियो । तर, आज सरकारकै तर्फबाट नेपाल र नेपालीको साझा पहिचानको अवमानना भएको छ ।

संसारभर राष्ट्रियतालाई भाषा, धर्म, संस्कृति, पोशाक र परम्पराबाट पहिचान गरिन्छ । हामीकहाँ पनि गणतन्त्रात्मक शासन पद्दति आउनुपूर्व यस्तो पहिचान दिने आधारहरु थिए । ती मध्ये पहिरन एक थियो, जहाँ पुरुषको दौरा सुरुवाल, टोपी र महिलाको फरिया (साडी) र चोलोलाई राष्ट्रिय पोशाक मानिएको थियो । तर, त्यसपछि पहिरन अर्थात् पोशाकलाई राष्ट्रको चिनारीबाट हटाइयो फलस्वरुप इतिहासदेखि पहिरनले पहिचान दिँदै आएको नेपालीपन विस्थापित भयो । सरकारका प्रतिनिधि लगायत उच्च पदस्थ व्यक्तिहरु सार्वजनिक कार्यक्रमहरुमा, विदेश भ्रमणमा र राष्ट्रिय पर्वहरुमा स्वच्छन्द ढंगले उपस्थित हुँदा नेपालीको पहिलो पहिचान नै हरायो । त्यही पीडालाई जन्मिएको राष्ट्रिय पोशाक दिवसले आजबाट सातौं वर्षमा प्रवेश गरेको हो ।

नेपालीलाई यसबेला आयातित संस्कृतिले छोप्दै लगेको छ । पश्चिमाहरु नियोजित रुपमै नेपालीत्व समाप्त गर्न लागेका छन् । यसका लागि यहाँका जिम्मेवार व्यक्ति र संस्थाहरुलाई 'मन्द विष' घोलेर आकर्षक र क्षणिक आनन्दका सेवा, सुविधा मार्फत मौलिकता समाप्त गर्ने काम गरिँदैछ । त्यसकै परिणाम हो कि इतिहासदेखि अन्योन्याश्रित जस्तै रहेको राष्ट्रिय पोशाक मन्त्री, सचिव लगायतका सार्वजनिक पद धारण गर्नेहरुलाई स्वेच्छिक बनाइयो । परिणाम नेपालीको विशिष्ट पहिचान विलुप्त जस्तै बनेको छ । त्यसैले पनि राष्ट्रिय पोशाक दिवस महाअभियानका रुपमा आयोजना गर्नु परेको । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेपालको पहिचानका रुपमा रहेको दौरासुरुवाल, ढाका टोपी र गुन्यूचोलो राष्ट्रिय पोशाकबाट हटाएपछि देशभक्तिको भावनाले यो दिवस जन्माएको हो ।

जनताका तर्फबाट स्वतःस्फूर्त जन्मिएका अभियान चिरस्थायी र फलदायी हुन्छन् । पोशाक दिवस महाअभियान पनि त्यस्तै मौलिकता र सांस्कृतिक पहिचानको जगेर्ना गर्ने आन्दोलन हो । यसले आम नेपालीमा मौलिकता प्रतिको प्रेम र श्रद्धा जगाउनु पर्छ । अहिले ग्रामीण क्षेत्रहरुमा समेत आयातित पहिरनले जरो गाड्दै आएको छ । शहर र शहर उन्मुख क्षेत्रहरु राष्ट्रिय पोशाक प्रति आकर्षित भइरहेका छैनन् । यस्तो अवस्थामा राज्यले नै मौलिकताको रक्षाका लागि अघि सर्नु पर्दछ । त्यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारमा रहेकाहरुको इमान्दार निष्ठा आवश्यक हुन्छ । सरकारमा बस्नेहरुले औपचारिक सभा–समारोहमा नेपालीत्व देखिने पोशाक अनिवार्य लगाउनु पर्दछ । हिला र पुरुष दुबैले जातीयताको सङ्कीर्णता होइन राष्ट्रिय पहिचानको उदात्त व्यवहार देखाउनु पर्छ । राष्ट्रिय पोशाक दिवस यसकै लागि उत्प्रेरक बनोस् । सबै नेपाली जो जहाँ बसे पनि राष्ट्र र राष्ट्रियताप्रति एक हुन सकौं– यो नै आजको आवश्यकता हो ।

# नेकां : 'चूलोमा आगो न गाग्रोमा पानी'-को भविष्यतर्फ



नकुल काजी

आफ्नो पार्टीका पुर्खाको यशस्वी विरासतभन्दा पद प्राप्तिलाई महत्वपूर्ण ठान्ने, अधिनायकीय हरकतले आफ्ना निकट सहकर्मीहरुका आग्रहहरुमाथि जतातत्तै सिँगौरी हान्ने र 'अब्बल प्रजातन्त्रवादी पार्टी' -को ऐतिहासिक एवम् अन्तर्राष्ट्रिय छविलाई आफ्नो संकीर्ण स्वार्थका खातिर मध्ययुगीन चङ्गेज खाँ वा मोगलयुगीन बाबरको कबिला मान्ने नेतृत्वको सिद्धान्तच्यूत विवेकहीन दलनमा परेको देखिँदोछ आज नेपाली कांग्रेस ! अतः सदैव राजनीतिक पूर्वाग्रहबाट सर्वभावेन अलग र कुनै दल एवम् दलीय गुट-गिरोहका प्रति निरपेक्ष दृष्टिकोणमा इमानदार यो कलमकर्मीको बुझाइमा यसबेला नेपाली कांग्रेस 'चूल्हामा आगो न गाग्रोमा पानी' उखानको गन्तव्यलक्षित अवस्थामा ढुन्मुनिइरहेको छ। र, यसैबेला नेपाली कांग्रेस राज्यव्यवस्थाका क्रियाकलापको खबरदारी गर्ने जस्तो लोकतान्त्रिक संवैधानिक जिम्मेवारीमा हुनु देश र देशबासीका हकमा चहऱ्याउने दुर्भाग्य ठहर किन भइरहेको छ भने देश र देशबासीका नितान्त सरोकारका सम्पूर्ण विषयहरु काँडालु बेथितिमा चुर्लम्म डुबेका छन्– राष्ट्रिय र सामाजिक परिवेश मौन कोलाहलमा छ। यस्तो अवस्थामा 'प्रतिपक्षको खबरदारी'-को आवश्यकता उत्तिकै थियो। तर, यो जिम्मेवारी निर्वहन गर्नुपर्ने समय नेपाली कांग्रेसले आफ्नै प्राधिकरणको व्यासभित्र गुटगत रंगोलीमा अन्यायपूर्वक अपव्यय गरिरहेको छ। उसका यस्ता निर्विवेकी चलखेल प्रकारान्तरले आत्मदाहकारी त भइरहेकै छ भने विगत तीन तहका निर्वाचनमा शर्मनाक हार व्यहोर्दा पनि आस्थाभंग नगरिरहेका आस्था-समूहमा समेत नैराश्य बढ्दै गएको छ।

नेपाली कांग्रेसको गुट-फुट र खासगरी त्यसका सभापति शेरबहादुर देउवाको जंगबहादुरीय हुकुमी पेलाइको अलोकतान्त्रिक रोड्याइँ एकातिर बर्करार छ भने अलमल्ल परेको धरातलीय आस्था-समूह दलको अबोधगम्य उपल्ला गतिबिधिबाट उद्विग्न बन्दै गएको छ। राज्यव्यवस्थाको एकदलीय स्वच्छन्द उफ्रीपाफ्रीलाई 'सर्वसत्तावादी' देख्ने नेपाली कांग्रेसका आँखाले आफूलाई कस्तो देख्तैछ ? लोकतान्त्रिकसहिष्णु-सदाशय राखी उसले बुझ्यो भने वंशानुगत कांग्रेसी बाहिरका लोकतान्त्रिक नेपाली यो प्रश्नका आयामहरु बुझेर आत्मालोचनाको आवश्यकता उसमा अवश्य अनुभूत हुनेछ। यसका लागि नेपाली कांग्रेसमा उसका सत्ताधिकारकालमा टुसाएर झाङ्गिँदै आएको 'नेपाली कांग्रेसको दलीय दायराभित्रकाहरु मात्र लोकतान्त्रिक हुन्' भन्ने संकुचित सोच त्याग्न आवश्यक छ। किनभने, शेरबहादुर देउवा चारित्रिक असौम्य प्रजातन्त्रवादी (?) नेपाली कांग्रेसभित्र थुप्रै होलान् तर यस दलको औपचारिक व्यासबाहिर त्योभन्दा धेरै सौम्य प्रजातन्त्रवादीहरु छन्। रौतहट जिल्लाका नेपाली कांग्रेस सांसद मो. अफताब आलमले २०/२२ नेपालीलाई राजपुर फरदवाको ईँटाभट्टामा जिउँदै आहुति हालेको घटना-प्रकरणमा आलमको सो अपराधको बचाउमा वकालत गर्दै नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले 'प्रजातन्त्र-लोकतन्त्र भनेकै नेपाली कांग्रेस हो' भन्ने स्पष्ट आशय खुल्ने वक्तव्य जारी गर्नुभएको घटना सबै नेपालीका स्मरणमा आलै छ। त्यस भावभूमिमा उभिएरै हाल नेपाली कांग्रेसको भग्न अवस्था हेर्नु हो भने पनि नेपाली कांग्रेस बाहिरका लोकतन्त्रवादीहरु बढी चिन्तित र बिदीर्ण होलान्। नेपाली कांग्रेस (दल)-सम्पृक्त नेता-अगुवा र टिकटधारक साधारण कांग्रेसीहरु त लोकतन्त्र बचाउभन्दा गुट-गुटको शक्ति सञ्चयनको पट्टावाल राजनीतिक ध्याउन्न बाहिर कहिले पो देखिने गरेका हुन् र ? यद्यपि स्थूल प्रजातन्त्र-लोकतन्त्रलाई आफ्ना पूर्वजको भावनात्मक विरासत हो भन्ठानेर त्यसका प्रति आभ्यन्तरिक श्रद्धा र अनुराग राख्ने व्यक्ति-व्यक्तित्वहरु नेपाली कांग्रेस वृत्तभित्र ठ्याम्मै छैनन् भन्नु न्याय हुँदैन। ती जो आजको स्थितिमा महत्वहीन किनारामा होलान्– जसलाई नेपाली कांग्रेसवृत्त बाहिरका लोकतन्त्रप्रेमीहरु श्रद्धा गर्छन्।

आफू राज्यसत्तामा हुँदा नेपाली कांग्रेस नेताहरुले पूर्वाधार प्रकरण मै राज्यलाई कानूनीरुपमा चुकाएका कतिपय बिराट भ्रष्टाचारका विषय अहिले टुङ्गोमा पुग्न स्वाभाविक हुँदाको अवस्थामा पुग्दा त्यही-त्यही वा तिनै विषयको भुत्भुते मौजूदा सरकारको थाप्लोमा खन्याउँदा अप्ठ्यारो नलाग्नु आश्चर्य लाग्ने विषय हो। आफैले उपस्थापित गरेका काण्डहरुमा वाइड बडी विमान खरीदमा महाभारत भ्रष्टाचार काण्डका अतिरिक्त सुडान घोटाला, लाउडा काण्ड आदि उम्दा दृष्ठान्त छन्। भारतले प्रकाशमा ल्याएको उसको पछिल्लो मानचित्रमा कालापानी, लिपु लेक र लिम्पियाधुरा पारिएको घटना-सन्दर्भ उपनिर्वाचनको दौढमा सत्तारुढ पार्टीविरुद्ध गरम मसला बनाई सो भारतीय अतिक्रमण प्रधानमंत्री ओलीको सल्लाहबाट भएको भने जस्तो बचकाना र अस्वाभाविक आरोप जस्ता केवल अस्तित्व बोधलक्षित बेला-बखतका 'मजाक' नेपाली कांग्रेसको यस राजनीतिक मौसमको 'प्रमुख प्रतिपक्षी भूमिका'-मा उल्लेख्य पाइन्छन्।

नेपालको पुरानो, लोकतन्त्रवादी राजनीतिमा प्रवीर्ण भनेर विश्वास गरिने राजनीतिक दल नेपाली कांग्रेसले वर्तमान सत्तारुढ नेपाल कम्यूनिस्ट पार्टी (नेकपा)-ले लोक (मतदाता जनता)-बाट प्राप्त 'बहुमत'-लाई कसरी बुझिरहेको छ र बहुमत प्राप्त चित्त खुँड्याउने काम भइरहेको छ त ?

नेपाली कांग्रेस वृत्तबाहिरका पक्ष-निरपेक्ष लोकतन्त्रका सारभूत यथार्थका हिमायतीहरुले नेपाली कांग्रेसलाई प्रजातन्त्रको प्रथम ध्वजवाहक दलको मान्यतामा सश्रद्धा स्थापित गरिराख्ता पनि गिरिजाप्रसाद कोइरालाको जीवनकालपछि सो दल आफैभित्र चाहिँ लोकतन्त्रको अभ्यास खिइँदै गएको देख्न थालेका थिए, राणा-शाह-ठकुरीहरुको वंशानुगत सामन्ती एवम् हुकुमी मनोविज्ञान हावी हुँदै गएको आधारभूत लख काटेर खिन्नता प्रकट गर्न थालेका थिए। तर, नेपाली कांग्रेस प्राधिकरणले त्यस्ता टिप्पणीलाई नजरअन्दाज गर्दै आएको क्रममा अहिले त दल-दायराभित्रै ती टिप्पणीको पुनरावृत्त हुन थालेको छ। सत्तारुढ दलको बहुमतले बिधिसम्मत जुनसुकै



सो पार्टीले 'हाम्रो बहुमत छ' भन्नुलाई सो पार्टीको 'दम्भ' देख्तैछ ? भन्ने प्रशनबाटै एकातिर उसबाट लोकतान्त्रिक बिधि दण्डित भइरहेको छ भने ने.कां. लाई मूर्तिमान तुल्याउने नेता-अगुवाहरुको अनभिज्ञतालाई (?) उजागर हुने गरेको छ। लोकमतको सम्मान गर्दै नेकपाको बहुमतलाई स्वीकार गर्नुमै उसको लोकतन्त्रका प्रति सम्मान सिद्ध हुँदैनथ्यो र ? २०३६ सालमा सम्पन्न राष्ट्रिय जनमत संग्रहको परिणाम निर्दोष, धाँधलीमुक्त र तत्कालीक सत्ता-शक्तिको बलमा उत्सर्जित थिएन र ? तर, नेपाली कांग्रेसको जन्मजात नायक वी.पी. कोइरालाले त्यसलाई शालीनतापूर्वक स्वीकार्दै सार्वजनिक वक्तव्य दिनुभई आफ्नो लोकतान्त्रिक महान उदात्तताको आभा छर्नुभएको थियो। त्यो महानताको कदर आज नेपाली कांग्रेस नेतृत्व र नायकवर्गबाट किन भइरहेको छैन र लाखौं स्वजनको निर्णय गर्दा पनि 'बहुमतको दम्भ' प्रयुक्त बोलको राजनीतिक गीत गर्धन फुलाएर गाउने दलका राष्ट्रिय प्रमुखले नै लोकतान्त्रिक झोलीतुम्बी आफलेर दलभित्रै 'बहुमत' लाद्नुलाई लोकतन्त्रप्रेमी नेपालीको बुझाइले अत्यन्त अक्करिलो अनुभूत गरिरहेको छ। जम्मैमा, अहिले नेपाली कांग्रेस लोकमञ्चमा जुन किसिमबाट चर्चित हुन पुगेको छ त्यसलाई नियन्त्रण नगरिने हो भने त्यसमा इमानदारी साथ आस्था राखिराखेका लाखौं लोकविश्वास घाइते हुने र स्वयम् दल-प्राधिकरण नै दुर्घटनामा पर्ने संभावना कमजोर छैन। यो टिप्पणी प्रकाशमा आउँदासम्म स्थितिमा फेरबदल भए पनि प्रवृत्तिगत नियतले अब शीघ्र शंकामुक्त भई परिष्कृत हुन समय चाहिँ अवश्य लाग्नेछ। समर्थक समूहको शंका मेटिन त समय लाग्ने नै भयो नि !.....र, आजलाई यत्ति नै। शेष फेरि–

# भगवान नाम जपको अर्थ र महिमा



रत्नबहादुर बस्नेत



हिन्दू सनातन धर्ममा भगवान- नामोच्चारण अर्थात् नाम जपको महिमा अनन्त र अपरम्पार रहेको छ। भगवान नामको निरन्तर जपलाई सबैभन्दा ठूलो धार्मिक अनुष्ठान वा पूजा मानिन्छ। नाम जपलाई तीर्थ, व्रत, दान, यज्ञभन्दा पनि श्रेष्ठ मानिएको छ।

निरन्तर नाम जपबाट सम्पूर्ण पापको नाश, पुण्यको प्राप्ति तथा सांसारिक दुःख बन्धनको नाश भई मोक्ष वा परमात्मा दर्शन हुने हाम्रा साधना शास्त्रहरुमा उल्लेख गरिएको छ। तर, आजभोलि जप वा धर्मकर्मका कुरा गर्दा आजका युवायुवतीहरुले नाक खुम्च्याउने गरेको र यसका लागि उमेर अवस्थाबारे कुरा उठाउने गरेको समेत पाइन्छ। यसमा के सत्य मार्ग लिन उमेर र अवस्थाकै खाँचो छ ? सत्य, सुन्दरता र शान्ति प्राप्तिका लागि उमेरले छेक्छ ?

वैज्ञानिकरुपमा विचार गर्दा पनि हाम्रो जिब्रोबाट जस्तो शब्दको उच्चारण हुन्छ, त्यसको प्रभाव हाम्रो मन-मस्तिष्कमा पर्दछ र अनुभव हुन्छ। तसर्थ, भगवानको पावन तथा पवित्र नामले व्यक्तिको मन पवित्र भई भगवानको निवास योग्य बन्दछ। भगवान नामलाई अमृतको संज्ञा दिइएको छ। जसको जपबाट मानवीय दुरगुण, दोष, पापको विनास भई सद्भावको उदय हुन्छ। संसार नाममय छ। रुप नामकै वशमा हुने हुँदा नामको उच्चारण वा मननबाट रुपको स्मरण र दर्शन अनिवार्य हुन्छ। काम, क्रोध, लोभ, मोह आदि नामकै अधिनमा भए झैं श्रद्धा, भक्ति, विश्वास पनि भगवानको नामबाट प्राप्त हुने कुरामा सन्देह छैन। जसरी कुनै पनि राम्रो शब्दको स्मरणले त दुःख (मानसिक पीडा) हट्छ भने भगवानको मधुर, सुन्दर, सत्य र सुकोमल नामको स्मरणबाट समस्त दुरभाव, दुरगुण, पाप, दुःख नाश र सुखको प्राप्ति हुने कुरामा सन्देह छैन।

त्यस्तै कुनै पनि भावनालाई हृदयमा शब्दहरुका विना धारण गर्नु कठीन छ, किनकि शब्द नै भावनाको मुख्य स्थान हो। तसर्थ, भगवानलाई प्राप्त (दर्शन) गर्न भगवानको नामको शब्द जप अनिवार्य छ। त्यसैले योगीहरु शब्दहरुको व्यवहारमा विशेष जोड दिँदै भन्छन्- तिमी त्यही शब्दको अर्थको भावना मनमा धारण गर्ने चेष्ठा गर जुन तिमीलाई अपेक्षित छ। (चाहन्छौ) तर सुगाको जस्तो केबल शब्द मात्र उच्चारण नगर बरु शब्दको साथ अर्थको पनि अनुभव गर र शब्दहरुलाई बारम्बार उच्चारण गर। यसबाट शब्द मानसिक पुष्टिको काम पनि गर्दछ। जति पटक शब्दसहित अर्थको उच्चारण गर्नेछौ उति नै शीघ्र तिम्रो अभिष्ट सिद्ध होला। यसै अटल सत्यको जगमा हिन्दूमन्त्र शास्त्रको अमोघ सिद्धान्त निर्धारित छ।

एक प्रसङ्गमा खप्तड स्वामी भगवान नामको महिमा सम्झाउँदै भन्छन्- 'हेर, केटी (कन्या) लाई दुई मिनेट यो तेरो पति हो, यसको कहिल्यै नाम नलिनु र आफ्नो जीवनलाई यसको जीवनमा मिलाइदिनु, आफ्नो इच्छालाई यसको इच्छामा लय गरिदिनु' भनिदिनाले जीवनपर्यन्त त्यो यस्तै गर्दछे। अतः जब शास्त्रले परमेश्वर तिम्रो स्वामी हो, तिमी उसको नाम कहिल्यै नबिर्स र आफ्नो इच्छालाई उसको इच्छामा लय गरिदेऊ भनी बारम्बार भन्छ भने के तिमी यसको पालना गर्दैछौ ?' उनी भन्छन्- 'जीवनको हरेक क्षेत्रमा सफलता प्राप्तिको निमित्त असत्य, झुट, दुःख, पाप-ताप नाश र सद्भाव सत्यतर्फ प्रेरणा प्राप्त गर्न भगवान नामको जप, संकीर्तन, मनन, ग्रहण गर्नु आवश्यक छ। अतः भगवान नामको जप, संकीर्तन र ग्रहण गरी भगवानको अनुकम्पा प्राप्त गरेर जीवनको लक्ष्य हासिल गरी जीवन धन्य बनाऊ।'

हाम्रा पूर्वज ऋषि महर्षिहरुले नाम जप वा नाम संकीर्तनलाई भवसागर तार्ने महामन्त्र मानेर यसबाट परमात्मा दर्शन गरेको उदाहरण प्रशस्त पाइन्छ। स्वयम् भगवान् शिवले रामनामलाई तारक मन्त्र भन्दै जप गर्नुहुन्छ। प्रभु हनुमान, महर्षि बाल्मिकी आदिले राम नामको जप गर्दागर्दै मोक्ष सिद्धि प्राप्त गरेको पाइन्छ। यस्तै अनेकौं सिद्ध तपस्वीहरुले सिद्धि प्राप्त गरेका र नामको सत्यानुभूति लिइसकेका छन्। यसैले राम (भगवान) नामको रसायन पान नै आरोग्यताको एकमात्र सरल तथा सर्वोत्तम उपाय हो भनेर आध्यात्म दर्शनले मानेको छ।

सबै धार्मिक कृत्य र साधनाको अन्तिम लक्ष्य भगवानको स्मरण र रुपको दर्शन गर्नु नै हो। एकजना महात्मा भन्दछन्- यदि कोही भगवानलाई भगवानको सुन्दर, सुमधुर नाम र सुकोमल पाउको स्मरण बिना खोज्दछ भने त्यो त्यस्तो तिर्खालु हो जो गंगाको किनारमा इनार खन्दछ। यसबाट पनि धार्मिक कृत्य वा अनुष्ठानभन्दा नाम जपको महिमा सर्वोपरि रहेको छ र सबैको फल प्राप्त हुन्छ।

भगवान नाम विविध छन्- जस्तैः राम, कृष्ण, शिव, दुर्गा आदि। भगवानका सबै नाम उस्तै शक्तिशाली र परम्कल्याणकारक हुन्छ। परमात्माले भगवानको नाममा सम्पूर्ण शक्ति खन्याइ दिनुभएको छ। जसलाई जुन नाम प्रिय र सहज लाग्छ उही नामको जप वा संकीर्तन गरे निसन्देह मुक्ति प्राप्त हुन्छ भन्ने शास्त्रवेत्ताहरुको मत रहेको छ। भनिएको छ- नामबाट दुरभाव, दुराचार, व्यभिचारको अन्त्य भई तत्कालै पनि सर्वोत्तम फल प्राप्त हुन्छ। जसरी आगोमा हात पर्दा त्यसले पोल्छ, त्यसरी नै जानेर होस् वा नजानी भगवानको नाम जप-उच्चारण गर्नाले निश्चय त्यसको प्रभाव पर्दछ। अन्य धार्मिक अनुष्ठानमध्ये नाम जप सर्वसुलभ साधन मानिएको छ। जुनसुकै अवस्थामा व्यक्ति नाम जपको अधिकारी बन्दछ।

भगवानको नाम अन्य मान्छेको नाम जस्तो दुर्वलको बलबहादुर, निर्धनको धनबीर, निष्ठुर वा निर्दयीको दयाराम भनिए झैं नभएर धनकी देवीको लक्ष्मी, विद्याकी देवीको सरस्वती, दुःख, दुरगति, दुरभाव नाश गर्ने देवी दुर्गा आदि नाम सधैं सत्य र सार्थक हुन्छ।

# कैदबन्दीलाई ब्लाङकेट र त्रिपाल



**बिर्तामोड, पुस १६।** झापा कारागारमा रहेका कैदीबन्दीलाई ब्ल्याङ्केट र त्रिपाल वितरण गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी झापाको सहकार्यमा दुई सय पाँच वटा ब्ल्याङ्केट र ५० वटा त्रिपाल वितरण गरिएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए ।

झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगरको आतिथ्यमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जाडोका लागि न्यानो कपडा खरिद गर्न सक्ने अवस्था नभएका कैदीबन्दीहरुलाई उक्त सामग्री वितरण गरिएको बताए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरिक्षक कृष्ण कोइरालालगायतले उक्त सामग्री वितरण गरेका थिए । कारागारमा रहेका एक हजार एक सय ६३ कैदीबन्दीमध्ये चिसोमा न्यानो ओड्नेको अभावमा कष्टपूर्ण जीवन बिताइरहेका न्यानो कपडा खरिद गर्न पनि नसक्ने दुई सय पाँच कैदीबन्दीलाई सामग्री वितरण गरिएको हो ।

कारागारलाई प्राप्त ब्ल्याङ्केट मध्ये ४९ जना महिला र एक सय ५४ जना पुरुषलाई ब्ल्याङ्केक वितरण गरिएको कारागार प्रमुख राजेन्द्र निरौलाले जानकारी दिए । दुई सय पाँच ब्ल्याङ्केट मध्ये तीन वटा आवश्यकता हेरेर प्रदान गरिने प्रमुख निरौलाले बताए ।

झापाका बृद्धाश्रम र अनाथालयलाई समेत न्यानो कपडा वितरण गर्ने तयारीमा रहेको जिल्ला विपद् व्यवस्थापन समितिले कारागारमा एक सय वटा म्याट्रेस प्रदान गरिएको सभापति ढकालले जानकारी दिए ।

# बुद्धशान्तिमा खिचडी मिलन

**बिर्तामोड, पुस १६।** ४४औं मेलमिलाप दिवसको सन्दर्भ पारेर नेपाल विद्यार्थी संघ तथा नेपाल तरुण दल बुद्धशान्ति गाउँ समितिको आयोजनामा खिचडी मिलन कार्यक्रम सम्पन्न भएको छ ।

नेपाली कांग्रेस बुद्धशान्ति गाउँपालिकाको संयोजनमा कार्यक्रम भएको थियो । पुस १५ मा खिचडी खाने परम्परा र पुस १६ मा मेलमिलाप दिवस मनाउँदै आएको कांग्रेसले दुबैलाई संयोजन गरेर खिचडी मिलन कार्यक्रम आयोजना गरेको हो ।

नेवि संघ बुद्धशान्तिका सभापति दीर्घराज ढकालको अध्यक्षता तथा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि थापाले लोकतान्त्रिक गणतन्त्रको रक्षा र संस्थागत विकासका लागि नेपाली कांग्रेस एकढिक्का हुनुको विकल्प नरहेको बताए ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकी, संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटी, नेपाली कांग्रेस झापा क्षेत्र नं. २ का सभापति खगेन्द्र मैनाली, क्षेत्र नं. १ का सभापति मणिकुमार उप्रेती, नेपाली कांग्रेसका बुद्धशान्ति गाउँसमितिका सभापति चक्र शेर्मा लगायतले शुभकामना मन्तब्य राखेका थिए ।



वीपी कोइरालासहितका कांग्रेस नेताहरुलाई राजद्रोहको मुद्दा लगाई निर्वासनको सजाय दिइएको अवस्थामा आठ बर्षको निर्वासनपछि मेलमिलापको नीति लिएर २०३३ साल पुस १६ गते कोइरालासहित शीर्ष नेताहरु स्वदेश फर्किएको स्मृतिमा नेपाली कांग्रेसले प्रत्येक वर्षको पुस १६ गते राष्ट्रिय मेलमिलाप दिवस मनाउँदै आएको छ ।

मुलुकको सार्वभौम सत्ता तथा राष्ट्रियताको रक्षाका लागि आफूमाथि मृत्युदण्ड कै सजाय हुनसक्ने जोखिमपूर्ण अवस्थामा पनि राष्ट्रियता नै खतरामा पर्नसक्ने अवस्था आए फरक वैचारिक आस्था राख्नेहरुसँग पनि मेलमिलाप गरेर राष्ट्रियताको रक्षा गर्नुपर्छ भन्ने महान सोचका साथ वीपी कोइराला, गणेशमान सिंह, नेतृ शैलजा आचार्य लगायत नेताहरू २०३३ सालमा स्वदेश फर्किएका थिए ।

तत्कालीन राजा महेन्द्रले २०१७ साल पुष १ गते जननिर्वाचित सरकारलाई अपधस्त गरी पञ्चायती शासन व्यवस्थाको शुरुवात गरेपछि लामो जेलजीवन बिताइ कोइराला भारत निर्वासनमा गएका थिए ।

मृत्युदण्डसहित आधादर्जन बढी मुद्दाहरु आफूविरुद्ध रहेकै बेला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रमलाई बिश्लेषण गर्दै नेपालको राष्ट्रियतामा गम्भीर संकट सृजना हुनसक्ने भन्दै मेलमिलापको नीति लिएर कोइरालासहितका कांग्रेसका तत्कालीन शीर्ष नेताहरु स्वदेश फर्किएका थिए ।

नेपाल महिला संघ बुद्धशान्तिकी सभापति चन्द्रकला भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन गोकुल पौडेलले गरेका थिए ।

# सिम्रिकका सदस्यलाई राहत

**बिर्तामोड, पुस १६।** सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले पछिल्लो समय आफ्ना शेयर सदस्यहरुको सुख-दुःखमा समेत साथ दिन थालेको छ ।

संस्थाले शेयर सदस्य तथा शेयर सदस्यका परिवारलाई रोग लागेको अवस्थामा तथा मृत्यु सुविधा लगायतका राहत कार्यक्रम अन्तर्गत सुविधा प्रदान गरिएको संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले जानकारी दिए । यसैक्रममा संस्थाले धुलाबारी सेवाकेन्द्र अन्तर्गतका शेयर सदस्यको घरदैलोमा पुगेर राहत वितरण गरेको छ ।

संस्थाका शेयर सदस्यहरु मुना गुरुङलाई श्रीमान्को पत्थरीको अप्रेसन खर्च बापत दश हजार पाँच सय ७५ रुपैयाँ, फुलमाया पौडेललाई छोराको उपचार खर्च



बापत आठ हजार सात सय ५० रुपैयाँ प्रदान गरेको छ । त्यस्तै गीता सुनुवारलाई ससुराको दुर्घटना उपचार खर्च बापत छ हजार आठ सय ७५ र साइका लुङेलीलाई सुत्केरी सुविधा बापत एक हजार पाँच सय रुपैयाँ राहत रकम प्रदान गरेको संस्थाको धुलाबारी सेवाकेन्द्रका दिवस गजुरेलले जानकारी दिए ।

संस्थाका लघुवित्त धुलाबारी सेवाकेन्द्र प्रमुख फणिन्द्रप्रसाद भट्टराईले राहत रकम प्रदान गरेको कार्यक्रमको सञ्चालन दिवस गजुरेलले गरेका थिए ।

# एमिटीका विद्यार्थीको उदाहरणीय काम



**बिर्तामोड, पुस १६।** झापाको बिर्तामोडस्थित एमिटी एजुकेसन फाउन्डेशनका विद्यार्थीहरुले वृद्धाआश्रममा पुगेर सहयोग गरेका छन् ।

मानवीय सहयोग नै सबैभन्दा महान कर्म हुने भन्दै कक्षा ११र १२ का सामाज शास्त्रका विद्यार्थीले बिर्तामोड नगरपालिक-४ मा रहेको परोपकार तथा अनुसन्धान केन्द्र बिर्तामोडद्वारा सञ्चालित वृद्धाश्रममा पुगेर खाद्यान्न सामग्री वितरण गरेको विद्यार्थी कृष्ण अग्रवालले जानकारी दिए ।

उनले सेवा नै धर्म हो भन्दै आफूहरुले वृद्धाश्रममा पुगेर सहयोग गरेको बताए । वृद्धवृद्धा भनेको देशको गहना भएको र उनीहरुको सेवा गर्न पाउँदा सबै विद्यार्थी खुशी भएको जनाइएको छ ।

समाजशास्त्रका विद्यार्थीले सामाजिक परिवेशको अध्ययन गर्नुपर्ने र पछिल्लो समय मानवता हराउन थालेकाले मानवीय सहयोग सदैव अनुकरणीय हुन्छ भन्ने सन्देश दिन पनि वृद्धाश्रममा पुगेर सहयोग गरेको अग्रवालले बताए ।

शिक्षकसहित ३० जनाभन्दा बढी विद्यार्थी वृद्धाश्रममा पुगेर विभिन्न खाद्यान्नका सामग्रीहरु हस्तान्तरण गरेका थिए ।


## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८०६०८३८७६, ९८६२६४८२८२, ९८२४९८११७४, ९८४४६४७०६७

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट् फोट झट् सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

संस्कृत Teacher : २ जना *(बिर्तामोडको लागि)*
Montusori Teacher : 2 जना (महिला)
Manager : 1 जना *(अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।)*
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्पर : २ जना

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### छपाई सम्बन्धी सम्पूर्ण काम

२०X३० को मेसीनबाट पत्रपत्रिका छपाई, पुस्तक छपाई, रजिस्टर, बिल, भौचर लगायतका छपाई सम्बन्धी काम गरिन्छ ।

सम्पर्क
पोखरेल अफसेट प्रिटिङ्ग प्रेस
अतिथि सदन रोड शनिमन्दिर छेउ,
९८१४९७४०३२

### आवश्यकता

सेक्युरिटी गार्ड:- ४० जना *(महिला/पुरुष)*
*यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

### कस्मेटिक पसल बिक्रीमा

बिर्तामोडको भद्रपुररोडस्थित चालू अवस्थाको कस्मेटिक पसल तु-विक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८२५९१३५८८

### जग्गा बिक्रीमा

बिर्तामोड बस पार्कबाट १½ किलोमिटर २½ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

### टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९, ९८४१३२१४६४

### जग्गा बिक्रीमा

माता मन्दिर उत्तर शिवम् हाउजिङ्ग पूर्व ४० फुट मुख भइ उत्तर पश्चिम फर्केको दुबै तर्फ २० फुटे बाटोले छोएको १२ धुर जग्गा अन्यन्त सस्तो मूल्यमा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४२६२५४०३, ९८१४०६९१४४

### जग्गा बिक्रीमा

अटोल्याण्ड बुट्टाबारीमा ह्वाइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कठ्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

### पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

### कर्मचारी आवश्यकता

एक नयाँ सञ्चालन हुन लागेको कम्पनीको लागि कर्मचारी आवश्यकता परेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
कम्प्युटर अपरेटर- १ जना रिसेप्सनिष्ट (महिला): २ जना
सम्पर्क: ९८१७०६९७३२/ ९८५२६२२४२२

### अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित


झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

### पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:३० Dabangg-3
दोस्रो शो २:३० Dabangg-3
तेस्रो शो ६:३० Dabangg-3

(हल बी) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Good Newwz
दोस्रो शो २:४५ Good Newwz
तेस्रो शो ६:३० Good Newwz



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

### हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

### बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

### कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.प्रमोद राई
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. ममता घिरैया ( राजवंशी )
डा.चन्दन विश्वास
डा.केशव ढकाल

- डा. गौरव राज ढकाल वरिष्ठ मेरुदण्ड,ढाड,गर्धन रोग विशेषज्ञ/सर्जन प्रत्येक महिना
- डा. अभिलाशा शाह वरिष्ठ बाथ रोग विशेषज्ञ प्रत्येक महिना
- डा. रबिन आचार्य वरिष्ठ नाक, कान घाटि रोग विशेषज्ञ, प्रत्येक शनिबार
- डा. मुक्ति आचार्य वरिष्ठ मानसिक तथा मनोरोग विशेषज्ञ प्रत्येक शनिबार
- डा. विकाश जैशी वरिष्ठ कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डीस तथा हेपटाइटिस रोग विशेषज्ञ प्रत्येक महिना

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नसा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८ ९८११३३५६३४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । समय अनुसार चल्न नसक्दा अलि दु:ख पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** केही बाध्यात्मक अवसरमा अलमलिनुपरे पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। व्यवसायमा फाइदा रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त बन्नुपर्ला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बिनाकारण आफन्त, साथीभाइ टाढिन सक्छन् । साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मेहनत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** विभिन्न भौतिक साधन जुट्नेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । रमाईलो यात्रा एवम् पर्यटन गरिएला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अवसर आए पनि हडबडीले काममा बाधा पुर्‍याउन सक्छ। विवादास्पद काममा जुट्नुपर्दा प्रतिफल प्रभावित हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अध्ययनमा त्यति समय दिन नसकिएला । तर, अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** केही चुनौति देखिए पनिपछि लाभ हुने काम गर्न सकिनेछ । अरूको मुख ताक्ने बानीले भने काममा पछि परिएला ।

# सन् २०१९ नेपाली पत्रकारिता क्षेत्रका लागि सुखद् रहेन

**झापा, पुस १६।** सन् २०१९ नेपाली पत्रकारिता क्षेत्रका लागि सुखद् रहेन । नेपाल पत्रकार महासंघको सञ्चार अनुगमन इकाईमा अभिलेख भए अनुसार सन् २०१९ मा प्रेस स्वतन्त्रता हनन्का ५० वटा घटना भएका छन् । जसमा ७६ जना पत्रकार र एक सञ्चार संस्था पीडित भएका छन् ।

यो अवधिमै मकवानपुरका पत्रकार मनोहर ढकालको हत्या भएको अनुगमन इकाईमा अभिलेख छ । अभिलेख अनुसार पत्रकार आक्रमणका १५ वटा घटनामा १७ जना पत्रकार तथा एक सञ्चार संस्था पीडित भएका छन् भने ११ जना पत्रकारमाथि दुर्व्यवहार भयो ।

त्यस्तै १० वटा धम्कीका घटना भए भने सात जना पत्रकारलाई पक्राउ गरी मुद्दा चलाइएको थियो । त्यस्तै अल्पकालीन पत्रकार पक्राउका तीन वटा घटना भएकामा १९ जना पत्रकार पीडित भए भने पत्रकारको पेशागत असुरक्षाको एक, पेशाबाट विस्थापन एक र समाचार संकलनमा अवरोधको एउटा घटना भएको छ ।

सन् २०१८ मा प्रेस स्वतन्त्रता हनन्का ५८ वटा घटनाहरु भएका थिए । तुलनात्मक रूपमा पनि यो वर्ष प्रेसका लागि चुनौतिपूर्ण रह्यो । यो वर्ष स्वतन्त्रता हनन्का घटनाहरुमा कमि आएको भएता पनि प्रेस स्वतन्त्रता उपभोगको दृष्टिले सुखद् रहेन । राजनीतिक परिवर्तन पश्चात राज्य र गैरराज्य पक्षका व्यक्तिहरुबाट पत्रकार पीडित भएका छन् ।

पत्रकारले निर्वाध र स्वतन्त्ररूपमा प्रेस स्वतन्त्रताको उपभोग गर्ने वातावरण बनेन । समाचारको स्रोतसँग सम्पर्क रहेको आधारमा पत्रकारलाई पक्राउ गरी मुद्दा चलाउने प्रवृत्ति बढ्यो । पत्रकार माथि घटेका यी घटनाले सरकार प्रेसप्रति कति उदार छ भन्ने स्पष्ट पारेको छ ।

यसबीचमा राज्यका तीनै तहको सरकारबाट कानून बनाउने काम भएसँगै प्रेस स्वतन्त्रतालाई संकुचन पर्ने कानून बन्ने शंका बढेको छ । कतिपय प्रदेश सरकारले बनाएका मिडिया सम्बन्धी कानूनहरु प्रेस स्वतन्त्रतालाई संकुचन गर्नेगरी बनेका कारण महासंघले दिएको सुझाए पश्चात संशोधनका क्रममा रहेका छन् । महासंघले राज्यका तीनै तहबाट बन्ने कानूनहरु मिडियामैत्री बनाउन माग गरेको छ ।

त्यस्तै महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता माथि हुने यस्ता सबैखाले घटनाको कडा शब्दमा भर्त्सना गर्दै घटनामा संलग्नहरु माथि कानूनी कारवाही गरी पत्रकारलाई निर्वाध र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

| क्र.स | घटना प्रकृति | संख्या | पीडित महिला | पीडित पुरुष | पीडक | | | संस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राज्य पक्षबाट | गैर राज्य पक्षबाट | राजनितिक दल /कार्यकर्ता | |
| १ | पत्रकार हत्या | १ | | १ | | १ | | |
| २ | आक्रमण | १५ | १ | १६ | ३ | १८ | २ | १ |
| ३ | दुर्व्यवहार | ११ | २ | १८ | ७ | ५ | | |
| ४ | धम्की | १० | १ | ९ | १ | ८ | १ | |
| ५ | पेशाबाट विस्थापन | १ | | १ | १ | | | |
| ६ | समाचार संकलनमा अवरोध | १ | | ३ | | | १ | |
| ७ | पेशागत असुरक्षा (जागिरबाट निष्काशन) | १ | १ | २ | १ | | | |
| ८ | पक्राउ ( अल्पकालिन नियन्त्रण) | ३ | | १९ | ३ | | | |
| ९ | पक्राउ ( हिरासतमा राखिएको) | ७ | | ७ | ७ | | | |
| | कुल घटना | ५० | ५ | ७६ | | | | १ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सन्चार अनुगमन ईकाई*

## विधेयकविरुद्ध पत्रकार महासंघको ध्यानाकर्षण

**झापा, पुस १६।** नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी सूचना प्रविधि विधेयक अघि बढाइएका प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विचार तथा अभिव्यक्ति लेखेकै भरमा पाँच वर्ष जेल र १५ लाख रुपैयाँ जरिवाना वा दुबै सजायसहितको कठोर दण्ड व्यवस्था गरिएको विधेयकले नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने महासंघले ठहर गरेको छ । त्यस्तै सूचना प्रविधि सम्बन्धी विधेयकका कतिपय प्रावधान आमसञ्चारको क्षेत्रलाई नियन्त्रण गर्न दुरुपयोग हुन सक्ने गम्भीर खतरा देखिएको महासंघका महासचिव रमेश विष्टले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

विज्ञप्तीमा भनिएको छ- महासंघ नेपाल कम्युनिष्ट पार्टी संसदीय दल र महासंघबीच मिति २०७६ असार २३ गते सञ्चार सम्बन्धी अन्य विधेयक ल्याउदा संविधान र राष्ट्रिय आमसञ्चार नीति २०७३ को आधारमा महासंघसहित अन्य सम्बद्ध सबै पक्षसँग छलफल गरी संसदीय प्रक्रिया बमोजिम निष्कर्षमा पुग्ने भनी जनाइएको प्रतिवद्धता स्मरण गराउन चाहन्छ ।

महासंघले सरोकारवालासँग छलफल र सहमति गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र सम्मान हुनेगरी सूचना प्रविधि सम्बन्धी विधयेक अघि बढाउन विज्ञप्ती मार्फत जोडदार माग गरेको छ ।

## भिरबाट लडेर एकजनाको मृत्यु

**संखुवासभा, पुस १६।** भोजपुरको साल्पासिलिचो गाउँपालिका-२ घर भई संखुवासभाको सिलिचोङ गाउँपालिका-२ बस्दै आएका ४८ बर्षीय एकराज विश्वकर्माको भिरबाट लडेर मृत्यु भएको छ ।

ससुराली घरतर्फ आउने क्रममा बाटोमा रहेको महाविर भिरबाट लडेर विश्वकर्माको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट गएको प्रहरीको टोलीले कानूनी प्रक्रिया पूरा गरेर घटनाबारे थप अनुसन्धान गरिरहेको उक्त कार्यालयले जनाएको छ ।


## ‘गुणस्तरीय सामान गणपतिको पहिचान’

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोड्युलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
**प्रो.** गोपाल सिटौला
९८५२६७१४२२, ९८१६००६३७३

**सम्पर्क**
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ – पदम
९८१४०५२६०१ – राम

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**मिति २०७६ साल पुस १० गते सुरुङ्गाबाट बिर्तामोड जानेक्रममा मेरो कक्षा ११/१२ को सि. नं. २०४००५५१ (२०७६) को माइग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न ठेगानामा खवर गरिदिनुहुन अनुरोध गर्दछु।**
**नाम : निरुस्ता कटुवाल**
**ठेगाना : बिर्तामोड नगरपालिका वडा नं.२, झापा**
**सम्पर्क नं.: ९८२४०८६१९५**

## सहभागी बनौ ! अवलोकन गरौं !!

तेस्रो अन्तर्राष्ट्रिय औद्योगिक व्यापार तथा पर्यटन महोत्सव- २०७६


यही पुस ९ गतेदेखि १७ गतेसम्म झापाको धुलाबारीमा भव्यताका साथ आयोजना हुँदैछ । उद्योग, व्यापार, कृषि र पर्यटनको प्रवर्द्धन, नेपाली मौलिकता र संस्कृति झल्काउने झाँकीहरूको साथमा ख्याति प्राप्त राष्ट्रिय कलाकारहरूको बेजोड प्रस्तुति र विभिन्न मनोरञ्जनात्मक खेलहरूको प्रत्यक्ष अवलोकन गरौं ।

**आयोजक**
**मेची उद्योग वाणिज्य संघ**
**स्थान: बिजनेश पार्क (कोलोनी), मेचीनगर-१०, धुलाबारी मोड (झापा)**
फोन : ०२३-५६००३५
मोबाइल नं. ९८५२६७२४२५, ९८५२६६०४१४, ९८५२६७११२३, ९८०४९१२०२२
E-mail : mccijhapa@gmail.com

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## जग्गा बिक्रीमा




**बिर्तामोडस्थित बसपार्क प्रवेश गर्ने मुलबाटोमा छोएको, पूर्वी ३६ फिट मोहोडा भएको, राजमार्गबाट १०० मिटरभित्र पर्ने व्यापारिक प्रयोजनको निमित्त उपयोगी १ कठ्ठा (२० धुर) जग्गा बिक्रीमा छ ।**


**सिधा सम्पर्क**
**९८०४९९९७६६**

## हार्दिक निमन्त्रणा



रिम्पोर्छे श्री निमा साङ्बो शेर्पा
प्रमुख लामा गुरु
सोलु प्राचीन गुम्बा झ्यासा घोन्पा





यहि मिति २०७६ साल पुस २१ गते सोमबारदेखि २५ गतेसम्म भारत, भुटान र अमेरिका लगायत अन्य देशबाट आउनुहुने विशिष्ट सातौं अवतारी रिम्पोर्छे र टुल्कु लामा गुरुज्यूहरुबाट झापाको शिवसताक्षी नगरपालिका वडा नम्बर ११ स्थित झिलझिलेमा पाँच दिने बुद्ध प्रतिमा राप्नी एवम् विश्वशान्ति पूजा हुने भएको हुँदा वाङ तथा आशिष ग्रहणगरी पुन्य प्राप्त गर्नुहुन सम्पूर्ण धर्मप्रेमी महानुभावहरुमा हार्दिक निमन्त्रणा गर्दछौं । साथै नेपालका प्रखर बुद्ध कथावाचक श्री आचार्य खेन्पो थुप्तेन हेसेज्यूको मुखारविन्दुबाट अमृतमय कथा वाचन हुने भएको हुँदा उक्त कार्यक्रममा उपस्थित भई आध्यात्मिक लाभ उठाउन हुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रमहरु**
- मिति २०७६/०९/२० गते लामा गुरुहरुलाई स्वागत ।
- मिति २०७६/०९/२१ गते त्रिमूर्ति भगवान बुद्धको प्रतिमामा प्राण प्रतिष्ठा पूजा(राप्नी) ।
- मिति २०७६/०९/२२ गते कोन्छ्योग चिधीको अभिषेक पूजा (वाङ) ।
- मिति २०७६/०९/२३ गते सिठोको अभिषेक पूजा (वाङ) ।
- मिति २०७६/०९/२४ गते होछ्योगको अभिषेक पूजा(वाङ) ।
- मिति २०७६/०९/२५ गते आयुको विषेस अभिषेक पूजा एवम् वाङ लगायत नृत्य (छ्याम) तथा समापन कार्यक्रम ।

**समय : प्रत्येक दिन बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म**

**आयोजक :**
**श्री टासी धार्गेलिङ्ग बौद्ध गुम्बा विकास समिति**
**थप जानकारीका लागि : ९८०४९००३४७ (अध्यक्ष), ९८१६०४५५४३ (सचिव)**


## बिर्तामोड नगरपालिका



**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

### सूचना ! सूचना !! सूचना !!!

- के तपाईले सञ्चालन गर्दै आउनु भएको व्यवसाय दर्ता गर्नुभएको छ ?
- दर्ता गर्नुभएको छ भने प्रत्येक वर्ष नगरपालिकामा आफ्नो व्यवसाय नविकरण गर्न भुल्नु भएको त छैन ?
- दर्ता गर्नुभएको तर सञ्चालनमा नरहेको व्यवसाय बन्द गर्न भुल्नु भयो कि ?

यदि दर्ता वा नविकरण नगरी व्यवसाय सञ्चालन गरिरहनु भएको छ भने यथाशिघ्र बिर्तामोड नगरपालिकाको कार्यालयमा गई आफ्नो व्यवसाय दर्ता तथा नविकरण अनिवार्य गर्नुहुन् अनुरोध गर्दछौं । अन्यथा जुनसुकै बखत नगरपालिकाबाट हुने अनुगमनको क्रममा व्यवसाय दर्ता तथा नवीकरण नभएको पाइएमा नियम अनुसार कारवाही भई जाने जानकारी गराउँदछौं ।

**दर्ता गर्न आवश्यक कागजातहरु :-**
- जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि र मालपोत तिरेको रसिद (आफ्नै घरमा व्यवसाय सञ्चालन गर्ने भए ) – १ प्रति
- भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका खुलेको बहाल सम्झौता पत्र र जग्गा धनिपुर्जाको प्रतिलिपि – १ प्रति
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति
- पासपोर्ट साईज फोटो –२ प्रति
- फर्म कम्पनी भएमा दर्ता, इजाजत पत्रको प्रतिलिपि – १ प्रति र स्टाम्प
- अघिलो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति

## विभिन्न प्राविधिक विषयका नि:शुल्क तालिम

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)को सहयोगमा यस दमक टेक्निकल एजुकेसन फाउण्डेसन प्रा.लि. संस्थाद्वारा इलामको रोङ गाउँपालिकामा मिति २०७६ माघ ७ गतेदेखि २०७६ बैशाख २० गतेसम्म देहायका विषयहरुका ३९० घण्टे नि:शुल्क तालिम सञ्चालन गरिने भएकोले सहभागी हुन इच्छुक व्यक्तिहरुले यस संस्थामा मिति २०७६ पौष मसान्तसम्म आवेदन दिनुहुन अनुरोध गरिन्छ । आवेदन फाराम रोङ गाउँपालिकाको ६ वटै वडा कार्यालयहरुबाट नि:शुल्क प्राप्त गर्न सक्नु हुनेछ । तालिममा सहभागी हुन निम्न बमोजिमको योग्यता हुनुपर्ने जानकारी समेत गराइन्छ ।
- सामाजिक तथा आर्थिक रुपले विपन्न
- उमेर समूह : छोटो अवधि तालिमको लागि १६ देखि ४० वर्ष र कार्य स्थलमा आधारित तालिमको लागि १८ देखि ४० वर्ष
- नेपाली नागरिक
- तालिमका लागि कम्तिमा साक्षर हुनुपर्नेछ ।

**तालिम सञ्चालन हुने विषय, संख्या र स्थानहरु :**

| विषय | प्रशिक्षार्थी संख्या | तालिम सञ्चालन हुने स्थान |
|---|---|---|
| टेलरिङ (सिलाइ बुनाइ) | २० | रोङ गा.पा.वार्ड.न ५ इरौटार |

**प्राथमिकतामा पर्ने समूहहरु :**
**क वर्ग :** दलित (महिला तथा पुरुष), विशेष समूह (एकल महिला र अपाङ्गता भएका व्यक्ति),लोपोन्मुख जनजाती, अति सीमान्तकृत जनजाती, पूर्व कमैया (कमल र रकमलरी) र पूर्व हलिया
**ख वर्ग :** गरीब महिलाहरु (दलित बाहेक), सीमान्तकृत, अन्य जनजाति, मुस्लिम, मानव विकास सूचांकको आधारमा पछि परेका जिल्लाका गरिब युवाहरु र गरिब मधेशी पुरुषहरु
**ग वर्ग :** अन्य गरीब पुरुषहरु

**तालिम प्रदायक संस्था र सम्पर्क व्यक्तिको विवरण :**
**संस्थाको नाम : दमक टेक्निकल एजुकेसन फाउण्डेसन प्रा.लि**
**ठेगाना :** दमक न.पा.,वाडं नं. ९, झापा
**सम्पर्क व्यक्तिको नाम :** केदारनाथ रिमाल (दमक)
**मोबाइल नं. ९८४२७७३६६४**
**स्थानीय सम्पर्क :** रोङ गाउँपालिकाका ६ वटै वडा कार्यालयहरु इरौटार


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

### भलिबल खेलको प्रायोजन सम्बन्धमा

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले विगत वर्ष झैं यस वर्ष पनि प्रदेश नं. एकस्तरीय खुला भलिबल प्रतियोगिता प्रायोजन गर्न इच्छुक भएको हुँदा प्रतियोगिता गर्न इच्छुक संघ-संस्था तथा सम्बन्धित निकायलाई आह्वान गरिएको छ ।

**बुँदाहरु :**
१) प्रतियोगिताको नाम **‘एनएमसी प्रदेश नं. एक स्तरीय खुला भलिबल प्रतियोगिता’** हुनुपर्नेछ ।
२) प्रतियोगितामा नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी) मुख्य प्रायोजक हुनेछ ।
३) प्रतियोगिताको आयोजकको रुपमा इच्छुक सङ्घ, संस्था मात्र रहनुपर्नेछ ।
४) प्रायोजक तथा आयोजकका अलावा सह प्रायोजक र सह आयोजकको व्यवस्था गर्न सकिनेछ ।
५) एनएमसीको तर्फबाट प्रायोजन स्वरुप २,५०,०००।- (दुई लाख पचास हजार) उपलब्ध गराउनेछ ।
६) प्रतियोगितामा लाग्ने अन्य खर्च आयोजक संस्थाले व्यहोर्नु पर्नेछ ।
७) प्रतियोगिताको सम्पूर्ण जिम्मेवारी आयोजक संस्थाले लिनुपर्नेछ ।
८) प्रतियोगिता अवधिभर प्रायोजक रहेको संस्थाको नाम **‘एनएमसी’**लाई विशेष स्थान र प्राथमिकता दिनुपर्नेछ ।
९) प्रस्ताव पत्र पेस गर्दा प्रतियोगिताको सम्पूर्ण व्यवस्थापन, वित्तीय पक्ष, खेलको विधि लगायतको विषय स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ ।
१०) प्राप्त प्रस्तावहरु मध्ये छनौट गर्ने नगर्ने अन्तिम निर्णय संस्थामा निहित रहने छ ।
११) प्रस्ताव पत्र पेस गर्ने अन्तिम मिति : २०७६ पुस २० गते आइतबार ।
१२) प्रस्ताव पत्र पेस गर्ने स्थान : कर्पोरेट कार्यालय, काँकरभिट्टा ।

**थप जानकारीको लागि**
**सदस्य सचिव ९८५२६८९४२९**

**– एनएमसी खेलकुद समिति**


आखा, मुख, हृया, झमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्री बिन्ती गरुन् भुक्केर पदमा त्यो बिन्ती सुन्दैन त्यो ।

## हार्दिक समवेदना

यस पूर्वाञ्चल दैनिकका अत्यन्त सहयोगी, हितैसी मित्र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) झापाका अध्यक्ष चिन्तन पाठकका प्रातःस्मरणीय पिता **देवीप्रसाद पाठक**को ९३ वर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध र मर्माहत बनाएको छ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

जीवन र मरण प्रकृतिको नियमितता हो र ध्रुव सत्य पनि । यो नियमितता सबै प्राणीले स्वभाविक ठानेर स्वीकार गर्नै पर्छ । अनि पनि परिवारजन अझ आफ्ना संरक्षकको देहावसानले उत्पन्न रिक्तता कुनै सद्भावले पूर्ण गर्न सक्दैन न त चिरवियोगको पीडा नै कम हुन्छ । तथापि तपाइँ र तपाइँका परिवारजनलाई यो रिक्तता र क्षति कम गर्ने साहस, क्षमता र धीरता प्राप्त होस् कामना गर्दछौं ।

जो जन्मन्छ, उ मर्दछ । यो प्रकृतिको नियम हो । यो जान्दाजान्दै पनि आफन्त तथा प्रियजनसँगको वियोग सबैलाई पीडादायी नै हुन्छ । परिवारका अभिभावक, आफ्ना पति तथा पिता वियोगको दुःखको क्षणमा रहनुभएका उहाँकी श्रीमती लक्ष्मीदेवी पाठक, छोरा-बुहारीहरू नन्दलाल-तारा, डिल्लीराम-गौरा, कमला, कविप्रसाद-शान्ता, चिन्तन-कमला, टिका-विन्दा र भिष्म-भीमा पाठक, छोरी-ज्वाइँहरू गोमा-गंगा कँडेल र सीता-डिल्लीराम विमली, १० नाति, ६ नातिनी बुहारी, ११ नातिनी, ८ नातिनी ज्वाइँ, १२ पनाती, ६ पनातिनी लगायत शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।



**स्व. देवीप्रसाद पाठक**
**जन्म: वि.सं. १९८४ जेठ १३ गते**
**फूलबारी ५, ताप्लेजुङ**
**निधन: २०७६ पुस ११ गते**
**बुद्धशान्ति २, झापा**

| | | | |
|---|---|---|---|
| **चन्द्रकान्त ढकाल** | **एकराज गिरी** | **भरतलाल गिरी** | **टोरुप प्रसाई** |
| व्यवस्थापक | सम्पादक | प्रकाशक | अध्यक्ष |

**श्रीअन्तु प्रकाशन प्रा.(लि.)**
**पूर्वाञ्चल दैनिक परिवार**, बिर्तामोड-१, झापा



तमु ल्होसारका अवसरमा ताप्लेजुङमा आयोजित सांस्कृतिक कार्यक्रममा गुरुङ समुदाय। तस्वीर : रासस

# घरधनी र डेरावालको विवरण खोज्दै प्रहरी

**बिर्तामोड, पुस १६।** इलाका प्रहरी कार्यालय अनारमनीले आफ्नो क्षेत्रभित्रका सबै घरधनीबाट भाडामा बस्नेको सम्पूर्ण विवरण संकलन शुरु गरेसँगै गृह मन्त्रालयले पनि काठमाडौंका घरधनीलाई भाडामा बस्नेहरुको विवरण बुझाउन निर्देशन दिएको छ।

इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहनकुमार थापाले आफ्नो क्षेत्रमा कुनै पनि आपराधिक गतिविधि नहोस् भन्ने उद्देश्यले भाडामा बस्ने र घरधनी दुवैको विवरण राख्न शुरु गरेका थिए। विभिन्न आपराधिक घटनामा संलग्न भएका व्यक्तिहरु पूर्वकै व्यस्त शहरको रुपमा विकसित भएको बिर्तामोडमा लुकीछिपी बस्न सक्ने आशंकामा प्रहरी नायव उपरीक्षक थापाले केही महिना अघि यस्तो अभियान शुरु गरेका थिए।

प्रहरीले घरधनी र भाडामा बस्नेहरुको विवरण संकलन शुरु गरेसँगै आपराधिक मानसिकता भएका व्यक्तिहरु निरुत्साहित भएको बताइन्छ। उनले योसँगै होटलमा काम गर्ने व्यक्तिको समेत विवरण राख्न शुरु गरेका छन्। जसका कारण होटल क्षेत्रमा हुने वाल श्रम र यौनजन्य गतिविधिमा कमी आएको प्रहरी नायव उपरीक्षक थापाको भनाइ छ।

केही महिना अघि कोठा भाडामा लिएर अपहरण गर्ने गिरोह, प्रतिवन्धित विप्लव समूहका कार्यकर्ता पक्राउ परेसँगै प्रहरीले घरधनीलाई सबै विवरण प्रहरीलाई बुझाउन आग्रह गरेको थियो। योसंगै बिर्तामोड लगायत इलाका प्रहरी कार्यालय अनारमनीको कार्य क्षेत्रमा अपराधका घटनामा कमी आएको प्रहरी नायव उपरीक्षक थापाले दाबी गरे।

यो अभियानको प्रभाव तत्कालै परेपछि गृहले समेत काठमाडौंमा यस्तो अभियान शुरु गरेको हो। गृह मन्त्रालयले काठमाडौँका घरधनीलाई भाडामा बस्नेको सम्पूर्ण विवरणसहितको सूची प्रहरी कार्यालयमा अनिवार्य रुपमा दिन निर्देशन दिएको छ। पछिल्लो समय काठमाडौं उपत्यका लगायत देशका मुख्य-मुख्य शहरमा घर भाडामा लिई विभिन्न आपराधिक गतिविधि, लुटपाट, डकैती लगायतका गतिविधि गरिरहेको भेटिएपछि मन्त्रालयले यस्तो निर्णय गरेको हो। केही दिनअघि गृहमन्त्री, गृहसचिव, सुरक्षा निकायका प्रमुखसहित गृहमन्त्रालयमा बसेको बैठकले आपराधिक गतिविधि नियन्त्रण, शान्ति सुरक्षा र जनधनको सुरक्षाका लागि भन्दै यस्तो निर्णय गरेको थियो।

पछिल्लो समय शंकास्पद गतिविधिमा चिनियाँ नागरिकहरु काठमाडौंको विभिन्न स्थानबाट पक्राउ परेका थिए। उनीहरुले विभिन्न स्थानमा कोठा, फ्ल्याटदेखि घर नै भाडामा लिएर गतिविधि गर्दै आएको भेटेपछि गृह मन्त्रालयले घरधनीसँग भाडामा बस्नेको सम्पूर्ण विवरण दिन माग गरेको हो।

मन्त्रालयले डेरावालको विवरण उपलब्ध नगराउने घरधनीलाई कारबाही गर्ने चेतावनी समेत दिएको छ। यसअघि यो व्यवस्था ऐच्छिक थियो। गृहले नयाँ निर्णयसँगै यसलाई कडाइका साथ लागू गर्ने जनाएको छ।

# यसरी गरियो झापामा भ्रमण वर्षको शुभारम्भ

□ लक्ष्मी उप्रेती

**काँकरभिट्टा, पुस १६।** संघीय सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित शुरु गरेको 'नेपाल भ्रमण वर्ष-२०२०' अभियानको नेपाल प्रवेशको पूर्वीद्वारबाट शुभारम्भ भएको छ।

मेचीनगर नगरपालिका अन्तर्गतको मेचीनगर पर्यटन विकास समितिले आयोजना गरेको उद्घाटन समारोहमा राष्ट्रिय गीत बजे लगत्तै समितिका संयोजक तथा उपप्रमुख मीना पोखरेल उप्रेतीले कार्यक्रमको सभाध्यक्ष गर्दै सहभागी सवैलाई स्वागत गरेकी थिइन् भने शुभारम्भ सांसद सुरेन्द्रकुमार कार्कीले ब्यानर पढेर गरेका थिए।

कार्यक्रममा मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले 'नेपाल भ्रमण वर्ष- २०२०' लाई सफल बनाउन सबै नगरबासीमा आग्रह गर्दै नेपालले भ्रमण वर्ष आयोजना गरिनुको उद्देश्यबारे प्रष्ट पारेका थिए। कार्यक्रममा काँकरभिट्टा नाका भएर नेपाल प्रवेश गर्ने पाँच जना पर्यटकलाई स्वागत तथा सम्मान गरिएको थियो।

भारतीय नगरिक प्रियंका मल्लिक, पिंकी मजुम्दार, मामुनी मल्लिक, स्वेता खड्का गुलावचन्द्र देलाई प्रमुख अतिथि सांसद कार्की, प्रदेश सभा सदस्यहरु गोपालचन्द्र बुढाथोकी श्रीप्रसाद मैनाली लगायतले रुद्राक्षको माला र नेपाली ढाकाको टोपी पहिर्‍याएर स्वागत गरेका थिए। विदेशी पर्यटकहरुलाई मेचीपुलबाट नेवार समुदायको लाखे नाच र अन्य बाजागाजासहित कार्यक्रम स्थलमा ल्याइएको थियो।

नेपालले आफूहरु प्रति देखाएको स्वागत तथा सम्मानका लागि विदेशी पर्यटकले खुशीसहित आभार प्रकट गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि सांसद कार्कीले हरेक व्यक्तिले वार्षिक योजना बनाएर अघि बढ्नुपर्ने र भ्रमणलाई समेत प्राथमिकतामा राख्न जोड दिए। उनले हरेक नागरिक पर्यटक मैत्री बन्नुपर्ने बताउँदै आफ्नो व्यवहारले पर्यटक आफूप्रति आर्कषित हुने बताए। उनले यातायात, ट्राभल होटल लगायत अन्य व्यवसायीहरुमा के गर्दा बढीभन्दा बढी पर्यटक नेपाल भित्र्याउन सकिन्छ त्यसतर्फ लाग्नुपर्ने बताए।

धार्मिक एवम् पर्यटकीय स्थलका संरचनाहरु




पर्यटकमैत्री हुनुपर्नेमा जोड दिँदै स्थानीय सरकार त्यसतर्फ लाग्नुपर्ने कार्कीले बताए। त्यस्तै प्रदेश सभा सदस्यहरु गोपालचन्द्र बुढाथोकी, श्रीप्रसाद मैनाली लगायतले सरकारले अघि सारेको २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित आयोजित 'नेपाल भ्रमण वर्ष-२०२०' अभियान शुरु भएको र यसलाई सफल पार्न हरेक नागरिकको दायित्व भएको बताए।

कार्यक्रममा विभिन्न समुदायको कला, संस्कृति र रीतिरिवाज झल्किने गरी सीमान्तकृत, लोपोन्मुख र आदिवासी जनजातिका कलाकारहरुले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। कार्यक्रममा नेवार समुदायको लाखे र टकटके, लिम्बू समुदायको च्याब्रुङ नाच, सन्थाल समुदाय र मेचे समुदायका कलाकारहरुले नृत्य प्रस्तुत गरेका थिए।

सोही कार्यक्रम अन्तर्गत मेचीनगरभित्रका महत्वपूर्ण मानिएका धार्मिक एवम् पर्यटकीय स्थललाई समेटेर तयार पारिएको वृत्तचित्रको सामग्री लामो तथा छोटो दुरीमा चल्ने सवारीसाधनलाई प्रदान गरिएको थियो। यसलाई लक्षित गरेर नगरपालिकाले नगरका धार्मिक एवम् पर्यटकीय स्थल अंकित होर्डिङ बोर्ड नगरका विभिन्न ठाउँमा राखेको छ। जसले गर्दा पर्यटकले नगरका धार्मिक तथा पर्यटकीय स्थलका बारेमा सहजै जानकारी पाउने छन्। नेपाल प्रवेशको पूर्वीद्वारमा रहेको हेल्पडेक्सको उचित व्यवस्थापन गरिएको छ भने नगरका महत्वपूर्ण बजारक्षेत्र काँकरभिट्टा, इँटाभट्टा, धुलाबारी, धाइजन, चारआली लगायतको सरसफाई गरी बजार क्षेत्रलाई व्यवस्थित गरिएको छ।

कार्यक्रममा विभिन्न संघ-संस्था तथा जातीय समुदायहरुले आफ्नै भेषभुषा र ब्यानरसहित सहभागिता जनाएका थिए। मेचीनगर नगरपालिकाले वर्षभरि नै यो अभियानलाई सफल बनाउन अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना अघि सारेको समितिका सदस्य सचिव अनन्तप्रकाश वस्तीले बताए।

नगरपालिकाले पर्यटन क्षेत्रको प्रोफाइल निर्माण, पर्यटन क्षेत्र मर्मतसम्भार तथा व्यवस्थापन, घनाबस्तीमा गल्लीका आधारमा विल्डिङ फ्रन्ट कलर, होटल, होमस्टे, सञ्चालक, व्यवस्थापक तथा ट्राभल सञ्चालक, छोटो दुरीका साना सवारीचालक रिक्सा, सिटीसफारी, लामो दुरीका साना सवारीसाधन तथा लामो दुरीका ठूला सवारीचालकलाई विभिन्न विषयमा प्रशिक्षण दिने, खुल्ला सांस्कृतिक साझका लागि स्टेज निर्माण लगायतलाई मध्यकालीन योजनामा अघि सारेको बताइएको छ।

# खाजा खुवाएपछि...

**इलाम, पुस १६।** इलामको माई नगरपालिका वडा नम्बर १ को खण्डेचुली सामुदायिक बनले स्थानीय युवाबर्ष माविका बिधार्थीलाई दिवा खाजा खुवाउन शुरु गरेको छ।

कक्षा १ मा अध्ययनरत् बिद्यार्थीलाई खाजा खुवाउन शुरु गरेको शिक्षक सागर राईले जानकारी दिए। बिपन्नताका कारण बिद्यालय आउन नसकेका बिद्यार्थी खाजा कार्यक्रम सञ्चालन भएपछि सात जनाबाट २० जना पुगेको शिक्षक राईले बताए। सहभागी मध्ये अपाङ्गता भएका दुई जना बिद्यार्थी समेत रहेको उनले जानकारी दिए।

खाजा कार्यक्रमका लागि स्थानीय खण्डेचुली सामुदायिक वनले एक लाख रुपैयाँ बिद्यालयलाई कक्षा १ का बिद्यार्थीको पोषण खर्चवापत भन्दै प्रदान गरिएको अध्यक्ष चन्द्रवाला राईले बताइन्। शिक्षक सुनिता पाण्डे र कर्मचारी प्रर्मिला सुनुवारले दैनिक खाजा व्यवस्थापन गर्ने गरेको बताइएको छ।

# पितृमोक्षका लागि पञ्चकन्यामा श्रीमद् भागवत

**अर्जुनधारा, पुस १६।** बुद्धशान्ति-२ मदनपुरमा रहेको पञ्चकन्या सिंह सेतीदेवी मन्दिरमा श्रीमद् भागवत सप्ताह महापुराण तथा धन धान्याञ्चल ज्ञान महायज्ञ हुने भएको छ।

मन्दिर क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलकोरुपमा विकास गर्ने, मन्दिर परिसरमा भौतिक पूर्वाधार निर्माण गर्ने र पितृमोक्ष गर्ने उद्देश्यले महायज्ञको आयोजना गरिएको बताइएको छ।

आगामी पुस २५ गतेदेखि हुने महायज्ञ सफल बनाउन मन्दिर व्यवस्थापन समितिका सल्लाहकार एवम् वडा समितिका सदस्य नेत्र गौतमको अध्यक्षतामा दुई सय ५१ सदस्यीय महायज्ञ मूल आयोजक समिति गठन भएको प्रचार प्रसार उपसमितिका संयोजक पर्शुराम भण्डारी 'सुजन भान्जा'ले जानकारी दिए।

त्यसैगरी दिनानाथ गौतमको संयोजकत्वमा आर्थिक तथा किनमेल उपसमिति, हरिशचन्द्र भट्टराईको संयोजकत्वमा दानवीर दाता खोज



उपसमिति, टंकबहादुर बोहोराको संयोजकत्वमा पण्डाल तथा साउण्ड सिस्टम व्यवस्थापन उपसमिति, कृष्ण भण्डारीको संयोजकत्वमा औषधि उपचार तथा सरसफाई उपसमिति, टिकाप्रसाद चौलागाईंको संयोजकत्वमा धन धान्याञ्चल व्यवस्थापन उपसमिति, चन्द्रकला निरौला भट्टराईको संयोजकत्वमा पूष्प आरती व्यवस्थापन उपसमिति, अमृता गौतमको संयोजकत्वमा सांस्कृतिक व्यवस्थापन उपसमिति र गोमादेवी रिजालको संयोजकत्वमा गुरु भोजन व्यवस्थापन उपसमिति गठन भएको छ।

प्रमुख वाचक आचार्य पण्डित कुँवेर सुवेदी र उपवाचक पण्डित चिरञ्जिवी ढुंगाना रहेको महायज्ञ अन्तर्गत संगीतमय कथा प्रवचन, झाँकी प्रदर्शन, भजन, धान्याञ्चल पूजन, विभिन्न तुलादान, दाताहरुलाई सम्मान, भुमिदान, गंगा आरती लगायत कार्यक्रमहरु सञ्चालन हुने बताइएको छ। महायज्ञ सम्पन्न गर्न अनुमानित छ लाख रुपैयाँ खर्च लाग्ने प्रचारप्रसार संयोजक भण्डारीले बताए।

# युनियनले दियो बिमा दाबी भुक्तानी

**इलाम, पुस १६।** युनियन लाइफ इन्स्योरेन्सले बिमा दाबी भुक्तानी कार्यक्रम अन्तर्गत इलाम माई नगरपालिका- १ घण्टेका सार्कीबहादुर राईलाई १४ लाख रुपैयाँ प्रदान गरेको छ।

वैदेशिक रोजगारीका शिलशिलामा गत असोज १४ गते कतारमा मृत्यु भएका २१ बर्षीय छोरा घलसिंह राईको श्रम म्यादी बिमा अन्तर्गत उनका बुबा सार्कीबहादुर राईलाई १४ लाख रुपैयाँको चेक प्रदान गरिएको हो।

नेपाल सरकार श्रम म्यादी बिमा अन्तर्गत राईलाई नगद रकम प्रदान गरिएको युनियन लाइफ इन्स्योरेन्स प्रदेश नम्बर १ का प्रमुख भुपराज पराजुलीले जानकारी दिए। विपन्न परिवारका मृतक राई गत असोज पहिलो सातामात्र रोजगारीका सिलसिलामा कतार गएका थिए।



कार्यक्रममा माई नगरपालिकाका उपप्रमुख बिष्णुमाया आचार्य, माईका प्रमुख प्रशासकीय अधिकृत दिननाथ लम्साल, वडा नम्बर १ का वडाध्यक्ष पदमबहादुर फागो, नेपाली कांग्रेस माई नगर सभापति कृष्ण खाकी लगायतले मन्तव्य राखेका थिए।

युनियन लाइफ ईन्स्युरेन्स प्रदेश नम्बर १ का प्रमुख भुपराज पराजुलीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन इलाम शाखा प्रमुख गोपाल दाहालले गरेका थिए।

# कोलाटोलीलाई नमूना बस्ती बनाइँदै

□ रत्नबहादुर बस्नेत

**बिर्तामोड, पुस १६।** बिर्तामोड-९ कि दीपा बस्नेत केही दिनयता घर तथा वरिपरि सफासुग्घर पार्न व्यस्त छिन्। उनले सरसफाईमा समय खर्चदै परिवारका सदस्यलाई घर सफा राख्ने नियम र तरिकाबारे बताउने गरेकी छिन्। आफ्नो घर परिसर मात्र होइन, छरछिमेकीलाई समेत सरसफाईका विषयमा सुनाउने गरेकी छिन्। उनले यसरी सरसफाईमा प्राथमिकता र महत्व दिनुको कारण पूजाआजा वा घरमा कुनै उत्सव वा शुभकार्यको आयोजनाको तयारीका लागि भने होइन। आफ्नो टोल वा गाउँलाई नै नमूना बस्ती बनाउने उद्देश्यले गठित सरसफाई समितिको सदस्य बनेर सचेतना कार्यक्रममा सहभागी भएपछिको परिणाम वा परिवर्तन हो यो।

यतिबेला उनी जस्तै टोलबासीहरु (कोलाटोली टोल विकास संस्थाका सदस्य) धेरै आफ्नो घरपरिवार तथा गाउँटोलको सरसफाईमा जागरुक बनेका छन्। उनीहरु जागरुक बनेसँगै टोल सरसरफाईमा सुधार आएको छ। स्वस्थ रहन स्वच्छ पानी तथा खानपानको साथै सरसफाईमा ध्यान पुऱ्याउनुपर्छ भन्ने चेतना समेत बढ्दै गएको छ। कोलाटोलीलाई नमूना बस्ती बनाइने भएपछि योजना अनुसार नमूना कोलाटोली सरसफाई समिति गठन भएको छोटो समयमै देखिएको परिवर्तन हो।

पूर्ण सरसफाई अभियान अन्तर्गत ग्लोबल स्यानिटेसन फण्ट कार्यक्रम, यू.एन.ह्याविट्याट नेपालको प्राविधिक र आर्थिक सहयोग तथा विराट सामुदायिक अध्ययन केन्द्रको सहजीकरणमा झापामा सञ्चालित पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत बिर्तामोड नपा वडा नं. ९ को सहकार्यमा पूर्ण सरसफाईयुक्त नमूना बस्ती कार्यक्रम सञ्चालन भएको हो।

हाल यसै अभियान अन्तर्गत बिर्तामोड नपाका ३, ६, ७, ८, ९ र १० नम्बर वडामा एक-एक वटा पूर्ण



सरसफाईयुक्त नमूना बस्ती बनाउने योजना अनुरुप कार्यक्रम सञ्चालित भइरहेको छ। त्यसै अनुसार बिर्तामोड-९ मा नमूना बस्तीमा कोलाटोली र नमूना विद्यालयमा देवकोटा आधारभूत विद्यालय छनौटमा परेको विराट सामुदायिक केन्द्रकी सहजकर्ता लीला कुइँकेलले जाकारी दिइन्। यसलाई 'लर्निङ सेन्टर' (सिकाइ केन्द्र)को रुपमा विकास गर्ने र सम्पूर्ण नगरमा अभियान सञ्चालन हुने बताइएको छ। उनले यसका लागि सरसफाई सम्बन्धी सचेना कार्यक्रम गर्दै आएको र नमूना बस्ती पूरा भएपछि नगरका सम्पूर्ण गाउँ, टोल सरसफाई गर्ने बताइन्।

नमूना कोलाटोली सरसफाई समितिका अध्यक्ष गणेश श्रेष्ठले कार्यक्रममा टोलबासीको उत्साहजनक सहभागिता रहनुको साथै चासो बढेकोले फलदायी भएको बताए। लामो समय प्रहरी सेवामा कडा अनुशासनमा रहेर कार्य गरेका पूर्व प्रहरी सहायक निरीक्षक समेत रहेका श्रेष्ठ यति बेला उनले गाउँमा सरसफाईको कमाण्ड गर्दैछन्। निकै उत्साही, फूर्ति र जागरका साथ कामको नेतृत्व लिएका उनीप्रति गाउँबासी आशावादी रहेको स्थानीय बताउँछन्।

यसैबीच टोल सरसफाई गर्दै पूर्ण सरसफाई अभियानको औपचारिक रुपमा उद्घाटन गरिएको छ। वडाध्यक्ष पवित्रा पाठकले अभियानको उद्घाटन गरेकी हुन्। कार्यक्रममा उनले टोलबासी सबै सक्रियतापूर्वक सहभागी भएर नमूना बस्ती योजना सफल पारी विकृतिमुक्त, स्वच्छ र समृद्ध समाजको निर्माणमा सहयोग पुऱ्याउन आग्रह गरिन्।

नमूना कोलाटोली सरसफाई समितिका अध्यक्ष गणेशप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमा नेपाली कांग्रेस बिर्तामोडनगर उपसंयोजक भोलानाथ पौड्याल, गौरीप्रसाद घिमिरे लगायतले शुभकामना मन्तव्य राखेका थिए। उनीहरुले सरसफाई टोलबासीको प्रतिष्ठाको विषय हुनुको साथै स्वस्थ जीवनशैली तथा असल संस्कार निर्माणमा समेत सरोकार राख्ने विषय समेटिएकोले कार्यक्रमको ठूलो महत्व रहने बताए। यसअघि टोलबासीको सहभागितामा टोल क्षेत्र सरसफाई गरिएको थियो।

हाल साप्ताहिक रुपमा टोल सरसफाई गर्ने, सरसफाईमा अनुपस्थित सदस्यले ५० रुपैयाँ जरिवाना तिर्नुपर्ने, कागज वा अन्य फोहोर फ्याकेमा पचास रुपैयाँ जरिवाना तिर्नुपर्ने, सरसफाईका नियममा रहेर शौचालय, भान्सा लगायतको सरसफाईको पालना गर्नुपर्ने लगायतका नीति तथा कार्यक्रम कडाइका साथ कार्यान्वयन गर्ने समितिले जनाएको छ। कार्यक्रमको सञ्चालन समितिका सचिव लेखनाथ पोखरेलले गरेका थिए।

G4S Kuwait का लागि सेक्युरिटी गार्ड र UAE को लागि ट्याक्सी ड्राइभरहरुलाई रोजगारको सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Waiter | ५० | 1200/-+Food | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Waitress(महिला) | ५० | 1200/-+Food | | | | |
| Cleaner (महिला) | ८० | 1000/-- AED | | | | |

वेटर, वेटरेस र कुकको फाइनल अन्तरवार्ता १६ गते बुधबार बिर्तामोडमा हुनेछ।

नोटः १) गार्डको हकमा तलब १५०KD ग्यारेन्टी गराइ पठाइने छ। उचाइ ५.६ इञ्च र अंग्रेजी सामान्य हुनुपर्नेछ। २) युएईको No 1 ARABIA TAXI L.L.C. ABUDHABI कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ। तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने जानेले तु-सम्पर्क गर्नुहोला।

फाइनल अन्तरवार्ता पुस २५ गते शुक्रबार बिर्तामोडमा हुनेछ।

श्रम इजाजत नं. ३९६/०६०/०६१

सगुन ओभरसिज सर्भिसेज प्रा.लि.

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)